# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १६३ | काठमाडौं | बिहीबार, २३ असोज २०८२ | Prabhab National Daily | Thursday, 09 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


लिचीबारी घुस प्रकरण

## दुई पूर्वमन्त्रीसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**पूर्वभूमि व्यवस्थामन्त्री बलराम अधिकारी, उनका छोरा मनोज र पाँच लाख रुपैयाँ घुस लिएको आरोप लागेका पूर्वसचिव अर्जुन पोखरेललाई अख्तियारको उन्मुक्ति**

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वभूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई उन्मुक्ति दिँदै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अन्य दुई पूर्वमन्त्रीसहित सात जनाविरुद्ध पोखराको लिची बगान जग्गा घोटाला प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। अधिकारी ती पूर्वमन्त्री हुन् जसले पोखराका सुजन लामासँग ३२ लाख रूपैयाँ घुस लिएको अडियो सार्वजनिक भएको थियो।

तर, बुधबार अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्दा अधिकारीलाई प्रतिवादी बनाएन। उनको छोरा मनोज पनि प्रतिवादी बनेनन्।

दुई पूर्वमन्त्री राजकुमार गुप्ता र रञ्जिता श्रेष्ठसहित सात जनालाई मात्रै प्रतिवादी बनाउँदै अख्तियारले ७८ लाख रूपैयाँ बिगो कायम गरेर भ्रष्टाचार मुद्दा दायर गरेको हो। उनीहरू पोखराको १३५ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने चलखेलको क्रममा घुस लेनदेनमा मुछिएका हुन्। तत्कालीन मन्त्री अधिकारी घुस प्रकरणमा जोडिएको अडियो सार्वजनिक हुँदा पनि उनीप्रति अख्तियारले आँखा चिम्लिएको हो।

यद्यपि, पूर्वमन्त्री अधिकारीको हकमा पूरक अनुसन्धान गरेर मुद्दा दायर गर्ने आरोपपत्रमा उल्लेख छ। उनको छोरा मनोजको संलग्नताबारे भने अख्तियार मौन देखिएको छ। भ्रष्टाचार आरोपी पूर्वमन्त्री गुप्तालेसमेत अडियोमा तत्कालीन मन्त्री अधिकारीको नाम


राजकुमार गुप्ता


रञ्जिता श्रेष्ठ

### कसलाई कति बिगो दाबी ?

- **राजकुमार गुप्ता**, पूर्वसामान्य प्रशासनमन्त्री– ७८ लाख
- **रञ्जिता श्रेष्ठ**, पूर्वभूमि व्यवस्थामन्त्री– ७८ लाख
- **सुजन लामा**, बिचौलिया– ७८ लाख
- **यामकुमारी गुरुङ**, सेटिङ मिलाउने– ७८ लाख
- **तुलसीराम बुढामगर**, सेटिङ मिलाउने– ७८ लाख
- **रामचन्द्र अधिकारी**, पूर्वप्रमुख मालपोत अधिकृत– ५३ लाख
- **खमबहादुर पुन**, सेटिङ मिलाउने– २५ लाख

पोलेका थिए। बिचौलियाले त अधिकारीसमेतका लागि डेढ करोड रूपैयाँ खर्च गरिसकेको तर काम नभएको गुनासो गरेका थिए।

बिचौलियाका अनुसार अधिकारीले छोरा मनोजमार्फत घुस रकम बुझेका थिए। उनी पहिले न्युजिल्याण्ड बस्थे र बुबा मन्त्री भएपछि नेपाल आएर घुसबापतको रकम उठाउने काम गर्दथे। तर, अधिकारी र उनका छोरालाई अख्तियारले कृपा गरेको देखिएको छ।

तत्कालीन सचिव अर्जुन पोखरेललाई पनि अख्तियारले प्रतिवादी बनाएन। उनी पोखराको नयाँबजारको होटलमा बस्दा दुईवटा वन कुखुरा, १० हजारको सामान, दुई बोतल ह्विस्की, पाँच लाख रूपैयाँ बिचौलिया लामाले दिएको अडियोमा दाबी गरिएको छ। घुस प्रकरणको सोही अडियो रेकर्ड गरेर सार्वजनिक गर्ने लामा भने प्रतिवादी बनेका छन्।

भूमिसम्बन्धी कार्यालय कास्कीका तत्कालीन प्रमुख अधिकृत रामचन्द्र अधिकारी, यामकुमारी गुरुङ, तुलसीराम बुढामगर र खेमबहादुर पुनलाई पनि प्रतिवादी बनाइएको छ।

क्रमशः पृष्ठ २ मा

# देउवालाई नेतृत्व छाड्न दबाब नछाड्ने अडानमा ओली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई नेतृत्व छाड्न कांग्रेसभित्र दबाब बढेको छ। देउवालाई नेतृत्वबाट बिदा गराउन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा लागेका छन्।

महामन्त्री शर्माले नेतृत्व फेर्न विशेष महाधिवेशन बोलाउनका लागि महाधिवेशन प्रतिनिधिहरूलाई आग्रह गरे। शर्माले मंगलबार एक भिडियो सन्देश जारी गर्दै असोज २५ गते केन्द्रीय कार्यालयमा बुझाउनेगरी हस्ताक्षर गर्न आग्रह गरेका हुन्। कांग्रेसले असोज २६ गते केन्द्रीय समितिको बैठक बोलाएको छ। उक्त बैठकअघि हस्ताक्षर बुझाउने शर्मालगायत नेताको तयारी छ।

'विशेष महाधिवेशनका लागि २४ गतेभित्रै हस्ताक्षर गर्नुस्। किनकि साथीहरूले भन्नुभएको छ, हामी केन्द्रीय कार्यसमितिको बैठकको एक दिनअघि असोज २५ गते हस्ताक्षर गरेर विशेष महाधिवेशनका लागि केन्द्रीय कार्यालयमा निवेदन दर्ता गर्न चाहन्छौं,' शर्माले भने।

विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्छ। कांग्रेसको विधानको धारा १७ को उपधारा २ मा भनिएको छ, 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले केन्द्रीय महाधिवेशनको बैठक बोलाउने विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने छ।'

महामन्त्रीद्वय शर्मा र थापाले युवा पुस्ताको मागअनुसार पार्टीमा नेतृत्व फेर्नुपर्ने माग गर्दै आएका छन्। उनीहरूको तयारीअनुसार कांग्रेस नेता गुरुराज घिमिरेले असोज ६ गते विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान सुरु गरेका थिए। केन्द्रीय सदस्य अजयबाबु शिवकोटीका अनुसार





- केन्द्रीय समितिमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाएर देउवालाई नेतृत्वबाट चाँडै बिदा गराउने तयारीमा कांग्रेसका युवा नेताहरू
- आफूले सकेसम्म एमालेको नेतृत्व नछाड्ने अडान दोहोऱ्याएका ओली संसद् पुनर्स्थापनाको मुद्दा लिएर अदालत जाने तयारीमा
- माओवादी केन्द्र पार्टी पुनर्गठनसहित चुनावी कार्यक्रममा सक्रिय सहभागी बन्नेगरी अघि बढ्दै

हस्ताक्षर ४० प्रतिशत नजिक पुगिसकेको छ। 'जिल्लाजिल्लामा अहिले पनि हस्ताक्षर चल्दै छ, २४ गतेभित्र केन्द्रमा आइसक्छ,' शिवकोटीले भने।

दसैंमा गाउँ-गाउँ पुगेका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर अभियान सञ्चालन गर्ने भनिए पनि वर्षाका कारण प्रभावित भएको एक महाधिवेशन प्रतिनिधिले बताए। यद्यपि, संस्थापनपक्षले विशेष महाधिवेशनभन्दा नियमित महाधिवेशन नै गर्नुपर्ने विषयमा जोड दिइरहेको छ।

कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले पनि नियमित महाधिवेशनमै जोड दिएका छन्।

कांग्रेसको विधानअनुसार आउँदो मंसिरभित्र नियमित महाधिवेशन गरिसक्नुपर्छ। यसका लागि क्रियाशील सदस्यता विवाद अझै समाधान हुन सकेको छैन।

क्रमशः पृष्ठ २ मा

### संसद् पुनर्स्थापनाको मुद्दा तताउँदै एमाले

नेकपा एमालेमा पनि नेतृत्व परिवर्तनको माग सर्वत्र उठेको छ। तर एमाले अध्यक्ष केपी शर्मा ओलीले आफू अहिलेकै अवस्थामा नेतृत्व नछाड्ने अडान लिएका छन्। 'कुनै हिसाबले पनि शिर झुक्न दिन्नँ। जबसम्म म सक्छु, नेतृत्व छाड्दिनँ,' ओलीले प्रदेश र जिल्लाका नेताहरूसँगको छलफलमा राखेको भनाइ उद्धृत गर्दै एक नेताले भने।

सोमबार, मंगलबार र बुधबार विभिन्न प्रदेश र जिल्लाका अध्यक्षहरूसँग 'भर्चुअल' संवादमा जोडिएका ओलीलाई नेता कार्यकर्ताले पार्टी पुनर्गठनको मुद्दा उठाएका थिए। तर ओलीले अहिले पार्टीको अवस्था कमजोर रहेकोले सम्हालिएर अघि बढ्नुपर्ने बताएका थिए।

क्रमशः पृष्ठ २ मा

### चुनाव केन्द्रित अभियानमा माओवादी

नेकपा माओवादी केन्द्र पार्टी पुनर्गठनसहित चुनावी गतिविधिमा अघि बढेको छ। केन्द्रीय समिति भंग गरी महाधिवेशन आयोजक समिति गठन भइसकेको अवस्थामा महाधिवेशन समितिका संयोजक पुष्पकमल दाहालले सबै तहका पार्टी पंक्तिलाई निर्वाचन कार्यालयहरूसँग समन्वय गरी मतदाता नामावली अद्यावधिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन निर्देशन दिएका छन्।

दाहालले परिपत्र जारी गर्दै पार्टी कार्यकर्ताहरूलाई आगामी कात्तिक ३० गतेभित्र १६ वर्ष उमेर पुगेका नागरिकहरूको नाम समावेश गर्न, विवाह तथा बसाइँसराइका कारण मतदान केन्द्र परिवर्तन गर्नुपरेमा आवश्यक प्रक्रिया पुऱ्याउन, साथै नाम, जन्ममिति वा अन्य विवरणमा त्रुटि भएमा त्यसको सच्याउन पहल गर्न निर्देशन दिएका हुन्। 'निर्वाचनमा सहभागी हुने जनताको नामावली अद्यावधिक गर्नु लोकतान्त्रिक अभ्यासको पहिलो खुड्किलो हो। त्यसैले सम्पूर्ण पार्टी पंक्तिले यो कार्यलाई गम्भीरतापूर्वक लिई आवश्यक समन्वय र सहजीकरण गर्नुपर्छ,' परिपत्रमा भनिएको छ।

सन्दर्भः वैदेशिक रोजगार

## कतारको कानुनविपरीत हुने कुनै पनि गतिविधिमा संलग्न नहुन दूतावासको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतारस्थित नेपाली राजदूतावासले त्यहाँको नियम, कानुन, सांस्कृतिक मूल्यमान्यता पूर्णरूपमा पालना गर्न नेपालीहरूलाई सचेत गराएको छ। दूतावासले बुधबार जरुरी सूचना जारी गर्दै कतारमा कार्यरत नेपालीहरूलाई यस्तो आग्रह गरेको हो।

'कतारमा विभिन्न पेसा र व्यवसायमा कार्यरत रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाइहरूलाई कतारको नियम, कानुन, सांस्कृतिक मूल्य-मान्यता पूर्णरूपमा पालना गर्न नेपाली राजदूतावास, दोहा हार्दिक अनुरोध गर्दछ,' सूचनामा भनिएको छ।

नेपालमा गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीपछि विभिन्न मुलुकले नेपाली नागरिकलाई भिसामा कडाइ गर्न थालेको सन्दर्भमा दूतावासको यस्तो सूचना आएको हो। यसअघि युएईस्थित नेपाली दूतावासले पनि यस्तै सूचना जारी गरेको थियो। जेन-जी आन्दोलनपछि युएईले नेपालीलाई भिजिट भिसा र कामदार भिसा दुवै रोकेको अवस्था छ। कतारसहित अन्य खाडी राष्ट्रहरू र युरोपका देशहरूले पनि भिसामा कडाइ गरेको बताइएको छ।




> नेपालमा गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीपछि विभिन्न मुलुकले नेपाली नागरिकलाई भिसामा कडाइ गर्न थालेको सन्दर्भमा दूतावासको यस्तो सूचना आएको हो। यसअघि युएईस्थित नेपाली दूतावासले पनि यस्तै सूचना जारी गरेको थियो।

'सार्वजनिक स्थलमा मादकपदार्थको सेवन तथा झैझगडा, लागुपदार्थ ओसारपसार, मादकपदार्थ उत्पादन तथा बिक्री, अश्लील भिडियोको कारोबार, चेक बाउन्स, सामाजिक सञ्जालमा मिथ्या आरोप, गाली गलौज र चरित्रहत्या, तेस्रो मुलुक खासगरी पूर्वी युरोप पठाइदिने भनी ठगी कार्य, अध्यागमन र ट्राफिक नियमको उल्लंघन आदि दण्डनीय कार्य भएको हुँदा यस्ता कार्यहरूमा संलग्न नहुन र देहायका विषयहरूमा विशेष सावधानी अपनाउनुहुन सम्पूर्ण नेपाली समुदायमा हार्दिक अनुरोध गर्दछ,' कतारस्थित नेपाली दूतावासको सूचनामा थप भनिएको छ।

दूतावासले सूचनामा कतारमा रहँदा पालना गर्नुपर्ने विषयहरू १७ वटा बुँदामा उल्लेख गरी सार्वजनिक गरेको छ। जसमा कतारको कानुन, नियम र सांस्कृतिक मूल्य-मान्यताको पूर्ण पालना गर्ने, कतारको कानुनले निषेध गरेका कुनै पनि कार्यहरू नगर्ने, सार्वजनिकस्थलमा मादक पदार्थ र धूमपान सेवन नगर्ने भनिएको छ।

यसैगरी, कुनै पनि व्यक्तिले दिएको सामान चेकजाँच नगरी नबुझ्ने, अध्यागमन र ट्राफिक नियमको सधैं पालना गर्ने, जहाँसुकै र जहिलेसुकै शिष्ट, मर्यादित र अनुशासित व्यवहार गर्ने, कसैसँग कुनै किसिमको नगद कारोबार वा लेनदेन नगर्ने, प्रलोभनमा परेर वा नबुझिकन कुनै कागजातमा सही गर्न नहुने, आफ्नो राहदानी, कतार परिचयपत्र, बैंक खाता नम्बर, फोनको सीम कार्ड कसैलाई पनि नदिने र कतार आइडी बुझाइ कुनै किसिमको बैंक ऋण नलिनेलगायत बुँदा सूचनामा उल्लेख छ।

दूतावासले एउटा कम्पनीको कतार आइडी लिएर अर्को कम्पनीमा काम गर्नु अवैधानिक हुनेसमेत सचेत गराएको छ। साथै, नेपालबाट भाङको अचार, मर्चाजस्ता खाद्यवस्तुहरू ल्याउन र लेनदेन नगर्न आग्रह गरिएको छ।

क्रमशः पृष्ठ २ मा




जनहितमा जारी सन्देश
प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# सबै स्थानीय तहमा पुग्यो आयुर्वेद केन्द्र

**काठमाडौं (प्रस)–** सरकारले ७५३ वटै स्थानीय तहमा आयुर्वेद केन्द्र पुऱ्याएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका निमित्त महानिर्देशक डा. श्यामबाबु ठाकुरले मुलुकका सबै स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गरिएको जानकारी दिए ।

आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्रका रूपमा आयुर्वेद औषधालय स्थापना गरिएको उनले बताए । उक्त सेवा केन्द्रमा एक जना कविराज तहका आयुर्वेद जनशक्तिको व्यवस्था हुने छ ।

हरेक पालिका तहमा रहेका ती आयुर्वेद केन्द्रबाट निःशुल्करूपमा आयुर्वेद औषधिका साथै उपचार सेवा पनि प्रदान गरिने छ । यस्तै आरोग्य केन्द्रहरूमा भने योग पनि सिकाइने डा. ठाकुरले जानकारी दिए ।

'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मूल नाराका साथ आयुर्वेद स्वास्थ्य केन्द्र नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको विभागले स्पष्ट गरेको छ । निमित्त महानिर्देशक डा. ठाकुरका अनुसार यसअघि २३ वटा आयुर्वेदसम्बन्धी औषधि बिरामीलाई दिने गरेकामा अबदेखि ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउन थालिएको छ ।

आयुर्वेद सेवा केन्द्रहरूबाट कब्जियत, मधुमेह, उच्च रक्तचापलगायतका रोगका औषधि निःशुल्करूपमा प्रदान गरिने व्यवस्था मिलाइएको छ । सबै प्रदेशमा प्रादेशिक आयुर्वेद चिकित्सालय र केन्द्रीय तहमा आयुर्वेद चिकित्सालय नरदेवी तथा आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुरबाट सेवा प्रदान भइरहेको छ ।

## पृष्ठ १ बाट क्रमशः

### देउवालाई...

क्रियाशील व्यवस्थापन समितिले असोज मसान्तसम्म विवाद समाधानको समय दिए पनि कहिले सुल्झिने टुंगो छैन । क्रियाशील व्यवस्थापन समितिको संयोजकमा महामन्त्री थापा रहेका छन् । जेन-जी आन्दोलनका क्रममा कांग्रेसका ४५ भन्दा बढी जिल्लामा आगलागी भएकोले क्रियाशील सदस्यको अभिलेखसमेत जलेर नष्ट भएको अनुमान गरिएको छ ।

त्यसैले महामन्त्रीद्वय विशेष महाधिवेशन बोलाएर नेतृत्व फेर्ने योजनामा लागेका हुन् । भदौ २४ मा आफ्नै निवासमा कुटिएका कांग्रेस सभापति शेरबहादुर देउवा अहिलेसम्म सार्वजनिक भएका छैनन् । यसैबीच देउवाले आज दिउँसो १ बजे बस्नेगरी पदाधिकारी बैठक बोलाएका छन् । बैठक बस्ने तय भए पनि बुधबार साँझसम्म स्थान तय गरिएको छैन । 'बैठक बुधबार १ बजे बस्नेगरी बोलाइएको छ । स्थान तय भएको छैन,' कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले भने ।

यसअघि कांग्रेस पदाधिकारी बैठक देउवानिवास बूढानीलकण्ठमा बस्थ्यो । जेन-जी आन्दोलनका क्रममा देउवानिवास आगजनीबाट खण्डहर भएको । सानेपास्थित पार्टीको केन्द्रीय कार्यालय पनि आगजनीबाट ध्वस्त भएको छ । आजको बैठकमा देउवा सहभागी हुने सम्भावना रहेको बताइएको छ । जेन-जी आन्दोलनपछि पहिलोपटक पदाधिकारी बैठक बस्न लागेको हो । यसअघि पार्टीका उपसभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा सानेपामा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बसेको थियो ।

■■■

### संसद् पुनर्स्थापनाको...

'पार्टी खरानीको थुप्रोमा पुगेको छ । यही थुप्रोबाट हामी माथि उठाउँछौं । तपाईंहरू नआत्तिकन अघि बढ्नुस्,' ओलीले भने ।

ओलीले प्रदेशका नेताहरूसँग छलफलका क्रममा संसद् पुनर्स्थापनाको मुद्दा लिएर अदालत जाने तयारी भइरहेको बताएका थिए । यसका लागि सभामुख देवराज घिमिरेसमेत सक्रिय रूपले लागेका छन् ।

■■■

### दुई पूर्वमन्त्रीसहित...

खेमलाई २५ लाख, तत्कालीन मालपोतका प्रमुख अधिकृत अधिकारीलाई ५३ लाख र बाँकीलाई ७८ लाख रूपैयाँको दरले बिगो माग दाबी गरिएको छ । आरोपपत्रमा आरोपीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ अनुसार मुद्दा दायर गर्दै घुसबापतको सम्पूर्ण रकम जफत गर्न र कानुनी सजाय दिन माग गरिएको छ ।

अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख भएअनुसार २०८१ सालको माघमा तत्कालीन मन्त्री गुप्ताको भैंसीपाटीस्थित निवासमा घुस रकमबारे छलफल भएको थियो । सो क्रममा ७८ लाख रूपैयाँसम्ममा सहमति भएअनुसार रकम बाँडफाँट भएको अख्तियारले जनाएको छ । अख्तियारले प्रमाणको रूपमा मोबाइलमा रेकर्ड गरिएका संवाद, बैंक खाताबाट भएको रकम कारोबार र विद्युतीय सञ्चार माध्यमबाट भएका सम्पर्क रेकर्ड विशेष अदालतमा पेस गरेको छ ।

लिचीबारी जग्गा प्रकरण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीकै पालामा सार्वजनिक भएको हो । उनकै मन्त्रिपरिषद्मा सामान्य प्रशासनमन्त्री रहेका गुप्ताको अडियो सुरुमा सार्वजनिक भयो, जहाँ उनले ३५ लाख रूपैयाँ घुस लिएको भनिएको थियो । नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा), नेकपा एकीकृत समाजवादीलगायत दलले सदनमा गुप्तालाई बर्खास्तीको माग गरे । दबाब बढ्दै गएपछि उनले राजीनामा दिए ।

गुप्ताको लगत्तै ३२ लाख रूपैयाँ घुस लिएको अडियो सार्वजनिक भएका तत्कालीन भूमिमन्त्री अधिकारीको भने रक्षक नै ओली बने । उनै ओलीले राजीनामा नदिनू भनेपछि अधिकारीको पद जोगिएको थियो ।

अधिकारी र गुप्ता एमालेबाट मन्त्री भएका हुन् । पुष्पकमल दाहाल नेतृत्वको सरकारमा भूमि व्यवस्थामन्त्री रहेकी श्रेष्ठ भने नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष हुन् । श्रेष्ठले टेलिफोनमै आफूलाई नगद दिनु भन्दै बिचौलियालाई भनेको अडियो सार्वजनिक भएको थियो । अख्तियारले उनै पूर्वमन्त्री श्रेष्ठलाई समेत भ्रष्टाचार मुद्दामा प्रतिवादी बनाएको हो ।

■■■

### कतारको...

'सामाजिक सञ्जालहरूमा व्यक्तिगत चरित्र हत्या गर्ने तथा सामाजिक सद्भाव खलबल्याउने किसिमले जथाभावी पोस्ट नगर्ने, नेपाली चाडपर्वहरू मनाउँदा स्थानीय धार्मिक र सांस्कृतिक संवेदनशीलता तथा मूल्यमान्यतालाई गम्भीरताका साथ ध्यान दिनुपर्ने । चाडपर्व होस वा अन्य समय, कुनै पनि बेला जुवातास खेल्न नहुने, सार्वजनिक स्थलमा फोटो खिच्दा र टिकटकलगायतका भिडियो बनाउँदा अपरिचित व्यक्तिहरूलाई फ्रेममा लिन नहुने,' दूतावासले उल्लेख गरेको बुँदामा छ ।

सार्वजनिकस्थलमा अमर्यादित, उच्छृंखल र भड्किलो पोसाक लगाएर नहिँड्न पनि दूतावासले सचेत गराएको छ । कतार सरकारको सम्बन्धित निकायबाट पूर्वस्वीकृति नलिई कुनै पनि कार्यक्रम नगर्न र नेपाली समुदायबीच एकता कायम गर्न सबै संघसंस्था र समाजहरूबीच आपसी सद्भाव र सहयोग अभिवृद्धि गर्न दूतावासले आग्रह गरेको छ ।

कतार नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मुलुकमध्येको एक हो । त्यहाँ लाखौं संख्यामा नेपालीहरू कार्यरत छन् । जेन-जी आन्दोलनपछि युएईले नेपाली नागरिकलाई भिसा रोके पनि कतारले हालसम्म भिसा दिइरहेको व्यवसायीहरूले बताएका छन् ।

# राहत वितरण एकद्वार प्रणालीमार्फत केन्द्रित गर्न प्राधिकरणको अनुरोध

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद्जन्य घटनामा प्रभावित नागरिकका लागि एकद्वार प्रणालीबाट राहत वितरण गर्न अनुरोध गरेको छ ।

बुधबार सिंहदरबारमा बसेको 'क्लस्टर र को-लिड्स'मा रहेका विभिन्न निकायसँग समन्वय बैठकमा प्राधिकरणले उक्त अनुरोध गरेको हो । प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टले अन्तरनिकाय समन्वय गरी विपद्बाट बढी प्रभावित जिल्लामा दोहोरो नपर्नेगरी एकद्वार प्रणालीमार्फत आफ्ना राहत क्रियाकलाप केन्द्रित गर्न सबै 'लिड्स' र 'को-लिड्स' निकायलाई आग्रह गरे ।

सरकारले यसरी विपद् व्यवस्थापनमा समन्वय गर्ने ११ वटा क्लस्टर बनाइ त्यसको लिड र कोलिड तोकेर जिम्मेवारी बाँडेको छ । असोज १७ देखि २० गतेसम्म परेको वर्षाका कारण उत्पन्न विपद्बाट जनधनको बढी क्षति भएका जिल्लामा राहत व्यवस्थापनलगायत विषयमा बुधबार 'क्लस्टर लिड्स' रहेका संघीय मन्त्रालय र प्राधिकरणको सभाहलमा बैठक बसेको हो ।

बैठकमा ११ वटै क्लस्टरका 'लिड्स' र 'को-लिड्स'ले राहत व्यवस्थापनका लागि आ-आफ्नो निकायको सामर्थ्य एवं विपद् प्रभावित क्षेत्रमा ती निकायबाट भइरहेका राहतका कामका बारेमा जानकारी गराएका थिए । उक्त क्लस्टरले विपद्को पूर्वतयारीदेखि प्रारम्भिक पुनःलाभसम्मका लागि काम गर्ने छन् । जसमा खाद्य सुरक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, शिक्षा, सुरक्षा, आवास, 'क्याम्प' समन्वय, बन्दोबस्ती, प्रारम्भिक पुनःलाभ र आपत्कालीन सञ्चार पर्दछन् ।

# आँखाका रोगीको निःशुल्क उपचार

**सिरहा (प्रस)–** लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा पछिल्लो तीन वर्षयता आँखासम्बन्धी समस्या भएका नगरबासीको निःशुल्क उपचार गर्दै आएको छ ।

पछिल्लो तीन आर्थिक वर्षमा मात्र १५ हजार आँखाका रोगीको निःशुल्क उपचार गरेको नगरपालिकाले जानकारी दिएको छ । तीमध्ये दुई हजार जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ ।

लहान-१५ ढोड्नामा बुधबार सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले भने, 'कोही पनि नगरवासी आर्थिक अभावमा आँखाको समस्याबाट पीडित नहुन् भनेर हामीले यो कार्यक्रमलाई निरन्तरता दिएका छौं । यसमा लागेको सम्पूर्ण खर्च नगरले बेहोर्ने छ । यस वर्ष पनि वडा नम्बर १५ बाट सुरुआत भइसकेको छ र नगरका २४ वटै वडामा शिविर सञ्चालन गरिने छ ।'

कार्यक्रममा सगरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीले 'तमसो मा ज्योतिर्गमय' भन्ने नारासहित अस्पतालले हरेक वर्ष करिब २५ लाख आँखाका बिरामीको उपचार गरिरहेको जानकारी दिए । उनले विभिन्न स्थानीय तहसँगको सहकार्यमा अस्पतालले दक्ष जनशक्ति र प्रविधिसहित आँखा जाँच शिविरलाई निरन्तरता दिइरहेको बताए ।

त्यसैगरी अस्पतालका प्रशासन प्रमुख अभिषेक रोशनले हालका दिनमा वृद्धि भएको मधुमेहका कारण आँखाका रोग विकराल बन्दै गएकाले हरेक छ महिनामा आँखाको जाँच गराउन आग्रह गरे । स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले समयमै आँखाको जाँच गरिए अन्धोपनबाट बच्न सकिने भएकाले सचेतना फैलाउनुपर्नेमा जोड दिए ।


**हनि क्लिनिक प्रा.लि. (लिक्वीडेशन) सम्बन्धमा**

**हक दाबी गर्न आउने बारेमा सूचना !**

*प्रकाशित मिति २०८२/०६/२३ गते*

कम्पनी ऐन बमोजिम मिति २०७७/०८/२२ मा दर्ता भएको प्रा. लि.नं.२४९२२८ को हनि क्लिनिक प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/०६/२२। गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दाबी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस)** दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विरेन्द्र शिवाकोटी**
**लिक्वीडेटर (इजाजत पत्र नं.२६७) मो.नं. ९८५१०५५२४९**



**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक अस्पताल भद्रपुर**
**कोशी प्रदेश, भद्रपुर, झापा, नेपाल**

**भुल सुधार गरिएको सूचना !**

*प्रकाशित मिति २०८२/०६/२३ गते*

यस प्रादेशिक अस्पताल भद्रपुरका लागि **करार सेवा**मा जनशक्ति पद पुर्ति गर्नुपर्ने १५ दिने सूचना, प्रभाव दैनिकको वर्ष १२ अंक १५८ मा प्रकाशन गरिएको **विज्ञापन नम्बर ८/२०८२/०८३ को स्वीपर माग सङ्ख्या अंकमा** ३ हुनुपर्ने र बुँदा नं.५ मा **दरखास्त दस्तुर** रु.७००/- **(सात)** सय हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।



**युएइमा रोजगार** कम्पनी : Securiguard Middle East - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331931 | चलानी नं. ६०२४५६५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (psbd) | 175 | 25 | 2000 | ७७,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: काठमाडौं, गोकर्णेश्वर नगरपालिका, गोकर्ण रिसोर्टमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083
**I.M.G. Nepal Pvt.Ltd.**
Lalitpur Metropolitan City-13,EKANTAKUNA, LALITPUR,
Ph. No: +977-015415570,9851407170 E-mail : imgnepal2@gmail.com,



**ओमनमा रोजगार** कम्पनी : AL EHSAN ENT LEADING

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 332015 | चलानी नं. ६०२४५०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Biscuits Maker | 0 | 1 | 150 | ५५,३७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



**साउदीमा रोजगार** कम्पनी : EASTERN PEOPLE SEAFOOD EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331506 | चलानी नं. ६०२४५२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN UTENSILS CLEANER | 1 | 0 | 1000 | ३७,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068
**DECENT EMPLOYMENT PVT. LTD.**
KMC-26, Samakhushi, Kathmandu, Nepal, Ph. No: +977-015903104,9851330036,9867109191
E-mail : infodecent068@gmail.com, Website : www.decentemployment.com.np



**जापानमा रोजगार** कम्पनी : GISHO AISAN COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/०६/१२ | LT. No. 331842 | चलानी नं. ६०२४५५४३ | सेवा शुल्क: ४०,०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLOTHINGS READY | 0 | 3 | 173924 | १,६१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ४०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।
नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu,Nepal, Tel: 01-4546052,5914530, 9808655324
9851208683, 9843579742, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**कुवेतमा रोजगार** कम्पनी : KUWAIT DAIRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331893 | चलानी नं. ६०२४५६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 2 | 0 | 175 | ८१,०५४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | DIESEL MECHANIC | 2 | 0 | 175 | ८१,०५४ | | | | | | | |
| 3 | Heavy Driver | 4 | 0 | 150 | ६९,४७५ | | | | | | | |

कम्पनी : DAR AL SHIFA HOSPITAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | LT. No. 331633 | चलानी नं. ६०२४५३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 2 | 0 | 190 | ८८,००१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PLUMBER | 2 | 0 | 190 | ८८,००१ | | | | | | | |
| 3 | Room Attendants | 0 | 80 | 150 | ६९,४७५ | | | | | | | |
| 4 | Staff Nurses | 0 | 30 | 400 | १,८५,२६६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**मलेसियामा रोजगार** कम्पनी : JATI TEGUH SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331979 | चलानी नं. ६०२४५६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५७,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EFFICIENT SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 332009 | चलानी नं. ६०२४५६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 80 | 0 | 1700 | ५७,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com
श्रम इजाजत नं. १०९७/०७३/०७४



**साउदीमा रोजगार** कम्पनी : FAIRUZI AL SAFA RESTAURANT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331998 | चलानी नं. ६०२४०८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४५,४६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JEAN BURGER

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 326896 | चलानी नं. ६०२४५६५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 19 | 0 | 1000 | ३७,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



**कुवेतमा रोजगार** कम्पनी : GULF SCAFFOLDING FACTORY FOR ALUMINUM & BALACKSMITH WORKS

पूर्व स्वीकृति मिति : २०८०/१०/१९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 299384 | चलानी नं. ६०२१४३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ALUMINUM BLACKSMITH | 20 | 0 | 110 | ५०,९२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 85 | ३९,३४८ | | | | | | | |
| 3 | STEAL BLACKSMITH | 24 | 0 | 110 | ५०,९२० | | | | | | | |

कम्पनी : WAQAR KUWAIT COMPANY FOR TAILORING ARAB MEN'S CLOTHING AND FABRICS

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331955 | चलानी नं. ६०२४५६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TAILOR MASTER | 2 | 0 | 160 | ७४,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : RASA LIMITED COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331880 | चलानी नं. ६०२४५६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and unloading worker/ helper | 10 | 0 | 1000 | ३७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAJ AL MUNIRA SERVICED APARTMENTS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331879 | चलानी नं. ६०२४५६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 4 | 0 | 1000 | ३७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Dimensions of Specialized Business Company

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331878 | चलानी नं. ६०२४५६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 20 | 0 | 1000 | ३७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**हाडिगाउमा जात्रा** | काठमाडौंको हाडिगाउँमा बुधबार सुरु गरिएको हाडिगाउँको जात्रा। विशेषगरी ब्रह्मा, विष्णु र महेश्वर भगवान्को पूजा आराधना गरी हरेक वर्ष कोजाग्रत पूर्णिमाको भोलिपल्ट यहाँ जात्रा मनाउने गरिन्छ। *तस्बिरः रासस*

# देशका विभिन्न राजमार्ग अझै अवरुद्ध

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हाल देशका विभिन्न भागमा गएको बाढीपहिरो र सडक कटानका कारण मुख्य राजमार्ग तथा सडक खण्डपूर्ण रूपमा अवरुद्ध भएका छन्। रसुवा, संखुवासभा, काभ्रे र रुकुम (पूर्वी भाग) मा केही दिनअघिको अविरल वर्षा र भू-भागीय जोखिमका कारण सडक यातायात प्रभावित भएको हो।

यातायात अवरुद्ध हुँदा दसैंका लागि काठमाडौं उपत्यकाबाट बाहिरिएका सर्वसाधरणलाई उपत्यका फर्किन सास्ती भएको छ। सडक विभागका प्रवक्ता प्रभातकुमार झाले अवरुद्ध भएका सडकखण्डको मर्मत कार्यलाई प्राथमिकता दिएर जतिसक्दो चाँडो यातायात व्यवस्थापनमा सहज गरिने बताए।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वारले सडक अवरुद्ध भएका कारण दसैं सकेर उपत्यका फर्कने कतिपय स्थानका यात्रुले सास्ती बेहोर्नुपरेको बताए। 'अहिले विशेषगरी नेपालको पूर्वी क्षेत्रका सडक अवरुद्ध भएका कारण उपत्यका बाहिरिएका सवारीसाधन समयमा नै फर्किन पाएनन्। यात्रुहरूले पनि सास्ती बेहोर्नुपरको छ। सम्भव भएको स्थानमा हामीले वैकल्पिक मार्ग प्रयोग गरेका छौं,' उनले भने, 'यसपटक सरकारले विपद्का कारण अवरुद्ध सडकखण्डको समयमा नै मर्मत गरिरहेको पाइयो। कतिपय सम्भव नभएका सडकखण्ड अवरुद्ध भए पनि अन्य सडकखण्डका पहिरो समयमा नै पन्छाउँदा सहज पनि भएको छ।'

## यी हुन् पूर्णरूपमा अवरूद्ध सडक

गत असारको बाढीले गोसाइँकुण्ड गाउँपालिका-२, रसुवागढीस्थित नेपाल र चीनलाई जोड्ने मितेरी पुल क्षति पुऱ्याएको छ। पुलमा क्षति भएपछि यतिबेला सवारीसाधनको आवतजावत पूर्णरूपमा बन्द रहेको छ।

त्यसैगरी, सोही गाउँपालिका-२ बालुवाखानी र तातोपानी क्षेत्रमासमेत पासाङ ल्हामु सडक खण्ड माथिबाट सुक्खा पहिरो र ढुंगा खसेपछि बाटो पूर्णरूपमा बन्द भएको छ। यसै सडकखण्डको गोसाइँकुण्ड-३, फचाङलुङ क्षेत्रमा भोटेकोसी खोलाले करिब ३५-४० मिटर सडक कटान गरेपछि उक्त खण्ड पनि पूर्णरूपमा अवरुद्ध भएको छ।

संखुवासभाको भोटखोला गाउँपालिका-४, बरुणखोला नजिक बाढीले हचुम पाइप बगाएपछि खाँदबारी-थुमसुर खण्ड अवरुद्ध भएको छ। सडक विभागका अनुसार वर्षायामभर यो खण्ड सञ्चालनमा ल्याउन कठिन भएको र अब मनसुन सकिएसँगै सडक मर्मतको कार्य अगाडि बढाइने छ।

त्यस्तै, मकालु गाउँपालिका-३, एकुवा नजिक पनि कोशी राजमार्गअन्तर्गत खाँदबारी-किमाथांका सडक खण्ड पहिरोले पूर्णरूपमा रोकिएको छ।

# बाढीले सडक बगाएपछि बिपी राजमार्गमा कष्टकर यात्रा

■ **राजकुमार पराजुली**



**काभ्रेपलाञ्चोक–** यही असोज १८ र १९ गतेको वर्षाका कारण रोशी खोलाको बाढीले क्षतिग्रस्त बनाएपछि बिपी राजमार्गमा पैदल यात्रासमेत कष्टकर बन्न पुगेको छ।

उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी क्षेत्रमा बाढीपहिरोले सडक बगाउँदा यातायातका साधन रोकिएपछि तीन दिनदेखि गन्तव्यमा पुग्नुपर्ने खोलाको तिर, खोलैखोला र भिरपाखाबाट हिँड्नुपर्ने बाध्यता बनेको हो। वर्षाका कारण राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डको विभिन्न स्थानमा क्षति पुगेपछि पूर्णरूपमा अवरुद्ध भएको हो।

राजमार्गको चौकीडाँडा हुँदै काभ्रेपलाञ्चोकको डाँडापारिलगायत स्थानबाट दसैं मनाउन घर गएकाहरू ग्रामीण सडकसमेत अवरुद्ध हुँदा घण्टौं हिँडेर आ-आफ्ना गन्तव्यतर्फ लागिरहेका छन्। यही सडक भएर जिल्लाको नमोबुद्ध नगरपालिका तथा रोशी, तेमाल, महाभारत, खानीखोला गाउँपालिका र सिन्धुलीको सुनकोशी र घ्याङलेक गाउँपालिकाका स्थानीय हातगोडा टेकेर कष्टकर यात्रा गर्न बाध्य भएका छन्। राजमार्गको धुलिखेलदेखि चौकीडाँडासम्म भने यातायातका साधन चलेका छन्।

चौकीडाँडा आइपुग्न नै निकै कठिन भएको पैदलयात्री बताउँछन्। 'हातगोडा टेकेर चौकीडाँडा आएर गाडी चढियो,' मंगलबार बनेपा आइपुगेका भिमखोरीका राजेन्द्र श्रेष्ठले भने। उनका अनुसार सडकको नामोनिशान नभएको स्थानमा भिर चढेर पार गर्नुपरेको छ। 'महिला, बूढापाका र बालबालिकालाई निकै अप्ठेरो भइरहेको छ, गोरेटो बाटो बनाउन सके निकै राहत मिल्ने छ,' श्रेष्ठले भने। केही सुरक्षाकर्मीले सहयोग गरे पनि हिँड्दा ध्यान नपुऱ्याए खोलामा खस्नेसमेत डर भएको श्रेष्ठको भनाइ छ।

उक्त राजमार्गमा लामो दूरीका यात्रुले वैकल्पिक मार्ग प्रयोग गरे पनि काभ्रेपलाञ्चोक तथा छिमेकी जिल्ला रामेछाप र सिन्धुलीको जोडिएका स्थानीय तहका यात्रुलाई भने चौकीडाँडासम्मै पैदल हिँड्नुपर्ने बाध्यता बनेको हो। पैदलै हिँड्न पनि ठाउँठाउँमा रोशी खोला तर्नुपर्ने अर्को बाध्यता रहेको छ। स्थानीय प्रहरीका अनुसार तीन दिनमा करिब दुई हजार यात्रु यहाँबाट पैदल हिँडेका छन्। सुरक्षाकर्मीले बिरामीलाई स्ट्रेचरमा राखेर चौकीडाँडासम्म ल्याउने गरेका छन्।

जिल्ला ट्राफिक कार्यालयका अनुसार राजमार्गको चौकीडाँडा-नेपालथोक सडकखण्डको २० किलोमिटर बाटो पूर्णरूपमा बन्द छ। बढीपहिरोले राजमार्गको १७ स्थानमा क्षति पुऱ्याएको हो। क्षतिग्रस्त राजमार्गमा पुनः अस्थायी सडक-डाइभर्सन बनाउन सुरु गरिएको छ। दुई दिनको बाढीपछि रोशी खोलाको बहाव कम हुँदै गएपछि मंगलबारदेखि डाइभर्सन बनाउन सुरु गरिएको डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ।

कार्यालयले रोशी र नमोबद्धको समन्वयमा बगाएको राजमार्गको सडकखण्डमा खोला एकतर्फी फर्काएर पुनः डाइभर्सन निर्माण गर्न थालेको हो। यसअघि गतसाल असोजको बाढीपहिरोले क्षतिग्रस्त सोही क्षेत्रको विभिन्न स्थानमा करिब आठ किलोमिटर सडक डाइभर्सन गरी अस्थायीरूपमा सञ्चालन गर्दै आइएको थियो। सोही क्षेत्रको सडकखण्ड शनिबार र आइतबारको बाढीपहिरोले पुनः क्षतिग्रस्त बनाउँदै बगाएको थियो।

राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाको एक स्थान तथा सिन्धुलीतर्फको अन्य तीन/चार स्थानबाट अस्थायी सडक बनाउन सुरु गर्ने डिभिजनले योजना बनाएको कार्यालयकी सूचना अधिकारी इञ्जिनियर विन्दु अधिकारीले जानकारी दिइन्। उनका अनुसार रोशी खोलाको किनारैकिनार सडक लैजानुपर्ने तथा सडकको कुनै अवशेष नै नरहेकाले खोलाको बहावभन्दा थप उचाइमा सडकको डाइभर्सन पुनर्निर्माण गर्नुपर्ने बाध्यता रहेको छ।

यस्तै शनिबार र आइतबारको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत सिन्धुलीतर्फबाट पनि बुधबारदेखि पुनः डाइभर्सन बनाउन थालिएको छ। सिन्धुलीको नेपालथोकबाट डाइभर्सन बनाउन सुरु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदीले बताए। उनका अनुसार सिन्धुलीस्थित डिभिजन सडक कार्यालय खाल्टेले बिपी राजमार्गको नेपालथोकतर्फबाट हाल दुई वटा स्काभेटर प्रयोग गरेर डाइभर्सन बनाउन सुरु गरिएको हो। कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको थियो। पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छन्। *रासस*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२३**

**आर्यतारा इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.** को मिति २०८२/०४/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर्यतारा होल्डिङ्स प्रा. लि. (प्रा.लि नं. ३६५०५०)** कायम गर्ने गरी मिति २०८२/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री देविडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बबई गाउँपालिका वडा नं.५, दाङ**

## काठ बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२/०६/२३ गते**

श्री देविडाँडा सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं.५, दाङको वनबाट उत्पादन भई सामुदायिक वनको प्राङ्गण बबई गाउँपालिका वडा नं.५, दाङमा घाटगद्दी गरी लट बनाई राखिएको साल, असना, जामुन, बर्रो र धौठी जातको गोलिया काठ थान ८५९ को ६१०२.४३ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र खरिद गरी २२औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**

**श्री विरेन्द्र सामुदायिक वन उपभोक्ता समूह**
**तुलसीपुर उ.म.न.पा. वडा नं.४, खाद्रे, दाङ**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२/०६/२३ गते**

श्री विरेन्द्र सामुदायिक वन उपभोक्ता समूह, तुलसीपुर उ.म.न.पा. वडा नं.४, खाद्रे, दाङको वनबाट उत्पादन भई तुलसीपुर उ.म.न.पा. वडा नं.४, खाद्रे, दाङमा रेहको यस समूहको भवन परिसरको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान ३८४ को २४२४.४२ घ.फि.साथै साल दाउरा १७.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र खरिद गरी २२औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**


## जापानमा रोजगारको अवसर

**कम्पनी : JAPAN MEDICAL CARE ENTERPRISE COOPERATIVE**

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331714 | चलानी नं. ६०२४५६०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Care Worker | 0 | 4 | 188000 | १,७५,३०४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क रु. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | २०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169, 9707429215, 9801018169
Email: masharegoverseas@gmail.com, Website: www.masharegoverseas.com.np

जापानिज भाषा सिक्न चाहनुहुने महानुभावहरुले निःशुल्क कक्षा सञ्चालन भइरहेको छ, संस्थाको कार्यालयमा सम्पर्क गर्नुहोला।



## मलेसियामा रोजगार

**कम्पनी : PROGRESSIVE ALLIEDSECURITY FORCE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331838 | चलानी नं. ६०२४५६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1700 | ५७,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : Ak Top notch SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331839 | चलानी नं. ६०२४५६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Janashakti International Services Pvt. Ltd.** | श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9813413654, 9846702764, 9851105682, 9851084742, (Jhapa Branch: 9815005930, +977-023-591265), Email : info@jisnepal.com, Web: www.janashaktiintl.com


## सेन्चुरी इनर्जी लिमिटेड

का.म.न.पा. वडा नं. ९, काठमाडौं

### आ. व. २०८१/८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३ गते**

**आदरणीय सेयरधनी महानुभावहरू,**

यस सेन्चुरी इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०६/०७ को बैठकको निर्णयानुसार यस कम्पनीको ०८१/०८२ को साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै सेयरधनी महानुभावहरूलाई अनिवार्य उपस्थितिको जानकारीको लागि अनुरोध गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८२ साल कार्तिक १५ गते, शनिबार (तदनुसार २०२५/११/०१)
स्थान : एटिक रेष्टुरेण्ट, ज्ञानेश्वर, काठमाडौं।
समय : बिहानको ८:३० बजे।

**छलफलका विषयहरू :**

**क) साधारण प्रस्तावहरू :**
१) सञ्चालक समितिको अध्यक्ष ज्यू बाट आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आसाढ मसान्त सम्मको वित्तीय विवरण, सोही अवधिको वार्षिक विवरण सँग सम्बद्ध अनूसुची छलफल गरी पारित गर्ने बारे।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

**ख) विशेष प्रस्तावहरू :**
१) कम्पनीको पूँजीको संरचना परिवर्तन तथा पूँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा।
२) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ. व. २०८१/०८२ मा भएको कम्पनीको मुनाफाबाट कम्पनीको हालको चुक्ता पुंजीको १० प्रतिशत नगद लाभांश तथा २५ प्रतिशत बोनस सेयर गरि जम्मा ३५ प्रतिशत (कर सहित) लाभांश वितरण गर्ने।
३) हकप्रद सेयर वा जगेडा सेयर जारी गर्ने, सोको माग गर्ने तथा बाँडफाँड गर्ने सम्बन्धमा सम्पूर्ण प्रकृया संचालन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।
४) सर्वसाधारणलाई कम्पनीको साधारण सेयर जारी गर्ने सम्बन्धमा।
५) साधारण सेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा।
६) कम्पनीको साधारण सेयर जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
७) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

**ग) विविध।**
१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनीको साधारण सेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**सञ्चालक समितिको निर्णयानुसार**
**सञ्चालक अध्यक्ष/कम्पनी सचिव**

## ज्योतिपुञ्ज
**बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**नयाँ बानेश्वर, काठमाडौं, फोन नं.०१-४७९०९८५, ०१-४७९६३२७**
E–mail : credit.headoffice@jyotipunja.coop.np, Web : www.jyotipunja.coop.np

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३ गते (प्रभाव दैनिक)*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज, अन्य दै दस्तुर समेत तिर्न बुझाउनको लागि निजहरूलाई पटक-पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा र संस्थाका प्रतिनिधिसँग कर्जा चुक्ता गर्ने सम्बन्धमा भएका छलफल अनुसार पनि तपाईहरूको संस्थाको लेना रकम चुक्ता भुक्तान गर्ने मनसाय समेत नदेखिएकोले यो कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा **३५ (पैतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (सावाँ, ब्याज, हर्जना, अन्य दै दस्तुर समेत) चुक्ता भुक्तान गर्नुहोला। अन्यथा कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको तपसिलको अचल सम्पत्ति सहकारी ऐन २०७४ बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरि कर्जा असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस संस्थालाई लेखिदिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणीको अन्य चल अचल सम्पत्तिबाट लेना बाँकी रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **ऋणी** : डा. प्रफुल्ल कुमार काफ्ले<br>**बाबुको नाम** : माधव प्रसाद काफ्ले<br>**बाजेको नाम** : रुद्र प्रसाद काफ्ले<br>**ठेगाना** : का.म.न.पा.-७, काठमाडौं<br>**नागरिकता नं.** : ११७/०५१/५२<br>**जारी जिल्ला** : जि.प्र.का. काठमाडौं | डा. प्रफुल्ल कुमार काफ्लेको नाममा मालपोत कार्यालय चाबहिल, काठमाडौंमा दर्ता रहेको काठमाडौं जिल्ला विष्णु (बुढानिलकण्ठ) गा.वि.स.वडा नं.८ सीट नं.८ 'क' कि.नं.३६९ को क्षे.फ. ३८१.४८ व.मि.कि.नं.१६४ को क्षे.फ. ७८६.९१ व.मि.र ३७० को क्षे.फ.३८१.५५ व.मि.गरी जम्मा क्षे.फ.१५४९.९४ व.मि.जग्गा लिगलगापात समेत पूरा। |
| **ऋणीको विवरण** | **जमानी विवरण** |
| **ऋणी** : ओम कुमारी नेपाल<br>**ससुराको नाम** : धर्म दत्त नेपाल<br>**पतिको नाम** : हेमनिधि नेपाल<br>**ठेगाना** : बेलकोटगढी न.पा.-७, नुवाकोट।<br>**नागरिकता नं.** : २९०६<br>**जारी जिल्ला** : जि.प्र.का. नुवाकोट | **नाम** : सुशिल नेपाल<br>**बाबुको नाम** : हेमनिधि नेपाल<br>**बाजेको नाम** : धर्म दत्त नेपाल<br>**ठेगाना** : बेलकोटगढी न.पा.-७, नुवाकोट।<br>**नागरिकता नं.** : २५१०४६-५६<br>**जारी जिल्ला** : जि.प्र.का. नुवाकोट |
| **जमानी विवरण** | **धितो विवरण** |
| **नाम** : हेमनिधि नेपाल<br>**बाबुको नाम** : धर्म दत्त नेपाल<br>**बाजेको नाम** : काशीनाथ नेपाल<br>**ठेगाना** : बेलकोटगढी न.पा.-७, नुवाकोट।<br>**नागरिकता नं.** : १४९४२/२२०<br>**जारी जिल्ला** : जि.प्र.का. नुवाकोट | ओम कुमारी नेपालको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स.वडा नं.८ सीट नं.१०२१३०७१३ कि.नं. २७४ को क्षे.फ.१२९.१० व.मि. जग्गा लिगलगापात समेत पूरा। |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राहत र पुनर्स्थापना कार्य प्रभावकारी बनाऊ

बर्सेनि आउने मौसमी विपद्ले मुलुकमा ठूलो जनधनको क्षति पुऱ्याउँदै आएको छ । यो वर्ष पनि उही अवस्था दोहोरियो । यही असोज १७ गतेपछिको मनसुनी विपद्ले मात्रै ५३ जनाको ज्यान लिएको तथ्यांक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको छ । यो बुधबारसम्मको तथ्यांक हो । यो वर्ष सरकारको पूर्वतयारीका कारण अझ धेरै क्षति हुनबाट जोगियो । जल तथा मौसम विभागले हप्ता दिनअघि नै भारी वर्षा हुने पूर्वानुमान सार्वजनिक गरेको थियो । सोहीअनुसार सरकारका निकायहरूले विपद् जोखिम क्षेत्रमा सतर्कता अपनाउन नागरिकलाई सचेत गराए । राजमार्गहरू बन्द गरियो । जसले धेरै हदसम्म सम्भावित क्षति न्यूनीकरणमा भूमिका खेल्यो । सरकारले यसपटक गरेको पूर्वतयारीको चौतर्फी प्रशंसा पनि भयो ।

प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार असोज १७ यताको विपद्मा मृत्यु भएकामध्ये पहिरोमा परेर ४० जना, बाढीबाट ११ जना र चटचाङबाट दुई जना रहेका छन् । पहिरोबाट इलाममा मात्रै ३८ जनाको मृत्यु भयो । पाँचथरमा एक र काभ्रेमा एक जनाले पहिरोबाट ज्यान गुमाएका छन् । बाढीबाट मृत्यु हुने ११ जनामध्ये उदयपुरमा दुई, धनुषामा दुई, तथा इलामा, पाँचथर, खोटाङ भोजपुर, मोरङ, सुनसरी र रौतहटमा एक/एक जना रहेका छन् । बाढीबाट रसुवामा चार र इलाममा एक गरी पाँच जना बेपत्ता भएका छन् । मनसुनी विपद्मा परेर उक्त अवधिमा ४७ जना घाइते भएका छन् । घाइतेमध्ये पहिरोमा परेर ३३ र चटचाङबाट १४ जना रहेका छन् ।

सरकारले विपद् पूर्वतयारीमा जस्तै अब तत्काल विपद्बाट प्रभावितहरूको राहत र पुनर्स्थापनामा पनि काम गर्नुपर्छ । त्यसो त अहिले विभिन्न तहबाट प्रभावितहरूलाई केही सहयोग भइरहेको छ । यद्यपि, प्रभावकारी रूपमा संघीय सरकारले प्रभावितसमक्ष राहत पुऱ्याउन जरुरी छ । पीडितलाई दिइने राहत एकीकृत प्रणालीबाट जान जरुरी छ ।

प्राधिकरणका अनुसार पछिल्लो मनसुनी विपद्मा ५० जिल्ला प्रभावित भएका थिए । यही असोज १८ गते दिउँसो र रातिको समयमा मुसलधारे वर्षा हुँदा ठूलो क्षति पुऱ्याएको थियो । अहिले मनसुन बाहिरिन सुरु भइसकेकोले पुनर्स्थापनाको कामलाई तीव्रता दिनुपर्छ । उक्त मनसुनी वर्षापछिको बाढी र पहिरोले अवरुद्ध बनेका राजमार्ग तथा सडकहरू अझैसम्म खुल्न सकेका छैनन् । राजमार्ग बन्द हुँदा दसैं मनाउन काठमाडौंबाट बाहिर गएकाहरू फर्कन सकस भइरहेको छ । राजमार्ग तथा सडकहरू खुलाउने कामलाई थप तीव्रता दिन पनि सरकारको ध्यान जाओस् ।

# आत्मजागरणका लागि एकताको खाँचो



डा. रामकृष्ण तिमल्सेना

> नेपालको शासन सिंहदरबारमा मात्र जन्मँदैन, प्रत्येक घर र हृदयमा जन्मिन्छ । जब नागरिकआफ्ना दायित्वमा सत्य र निष्ठापूर्वक लागि पर्छन्, तब राष्ट्रको शासन स्वयम् पवित्र र बलियो हुन्छ । दोषको संस्कृतिले विभाजन ल्याउँछ भने योगदान र उत्तरदायित्वको संस्कृतिले एकता ल्याउँछ । अब समय आएको छ, अरूलाई दोष दिने संस्कृतिलाई छोडेर आफैं सुधार्ने, आफ्ना जिम्मेवारीलाई आत्मसात् गर्ने संस्कृतिको विकास गर्नुपर्ने छ । राष्ट्रको पुर्न्जागरण दोषबाट होइन, दायित्व र योगदानबाट हुन्छ ।

नेपाल आज राजनीतिकरूपमा स्वतन्त्र छ तर व्यवहारमा र आत्मामा अझै दास छ । हामीले झण्डा र हात त उठायौं, तर चेतना उठाउन सकेनौं । देशको नाम लियौं तर हृदयमा राष्ट्रको स्वरूप र नक्सा राख्न सकेनौं । संकटको घडीमा हामी प्रायः अरूलाई दोष दिन्छौं-कहिले भारत, कहिले चीन, कहिले अमेरिका । तर सत्य के हो भने नेपाललाई कसैले हराइरहेको छैन; नेपाल आफैं आफ्नै कमजोरीबाट हराइरहेको छ । राष्ट्र निर्माण बाह्य शक्तिले होइन, हरेक नागरिकको जागरूक चेतनाले सम्भव हुन्छ । तल उल्लिखित केही विषयले यो अवस्था सिर्जना गराउन सक्ने छः

## आफैंबाट सुरु हुने शासन

अर्कालाई दोष दिन सजिलो छ, किनकि यसले हामीलाई आफ्ना कमजोरीको सामना नगरी जोगाउँछ । दोष दिने संस्कृतिले हामीलाई आलोचक बनायो तर सर्जक बनाएको छैन । संकटको घडीमा हामीले आफैंसँग सोध्नुपर्छ- 'मैले के गरें ?'

नेताको प्रतीक्षा गरिरहेका छौं तर नेता जन्माउने समाजको भूमिका बिर्सिएका छौं । संविधान र नीति बनाइयो तर अनुशासन र चेतनाको निर्माण नगरी मात्र नारा घन्कायौं । यही कमजोरी नै हाम्रो अस्थिरता र राजनीतिक असफलताको मूल कारण हो ।

भगवद्गीताले भन्छ- 'उद्धरेदात्मनाऽत्मानं,' अर्थात् मानिसले आफैंलाई आफैंले उठाउनुपर्छ । नेपालको मुक्ति यही वचनमा निहीत छ । बाह्य सहयोग वा सल्लाहले राष्ट्र बच्दैन; नेपालीको आत्मा जागृत हुनुपर्छ । जब किसानले आफ्नो खेत इमानदारीपूर्वक जोत्छ, शिक्षकले निष्ठापूर्वक पढाउँछ, न्यायाधीशले सत्य बोल्न डराउँदैन, युवाले राष्ट्रभन्दा माथि पार्टीको स्वार्थ राख्दैन, त्यही दिन नेपाल जाग्ने छ । आन्तरिक आत्मानुशासनका क्षणमामात्र देश र शासन स्थायी हुन सक्छ ।

## रणनीति र विवेक

नेपाल दुई विशाल देशबीच अवस्थित छ । यसको भौगोलिक स्थिति संवेदनशील छ, तर त्यही संवेदनशीलता अवसरमा बदल्न सकिन्छ । विदेशी शक्तिहरू स्वभावतः आफ्नो स्वार्थ हेर्छन्; त्यसमा दोष छैन । तर हाम्रो कमजोरी भनेको भविष्यको दृष्टिकोण, रणनीति र निर्णय क्षमतामा छ । यदि हामी भावनात्मक प्रतिक्रियाभन्दा बुद्धिमतापूर्वक योजना बनायौं भने कुनै पनि बाह्य दबाबले हाम्रो अस्तित्वलाई खतरा पुऱ्याउन सक्दैन । राष्ट्रको सुरक्षा रणनीति केवल प्रतिरोध होइन, पूर्वदृष्टि र विवेकपूर्ण निर्णयमा आधारित हुनुपर्छ ।

## सिंहदरबारभन्दा बाहिर जन्मिने शासन

नेपालको शासन सिंहदरबारमा मात्र जन्मँदैन, प्रत्येक घर र हृदयमा जन्मिन्छ । जब नागरिक आफ्ना दायित्वमा सत्य र निष्ठापूर्वक लागि पर्छन्, तब राष्ट्रको शासन स्वयम् पवित्र र बलियो हुन्छ । दोषको संस्कृतिले विभाजन ल्याउँछ भने योगदान र उत्तरदायित्वको संस्कृतिले एकता ल्याउँछ । अब समय आएको छ, अरूलाई दोष दिने संस्कृतिलाई छोडेर आफैं सुधार्ने, आफ्ना जिम्मेवारीलाई आत्मसात् गर्ने संस्कृतिको विकास गर्नुपर्ने छ । राष्ट्रको पुर्न्जागरण दोषबाट होइन, दायित्व र योगदानबाट हुन्छ ।

## नेतृत्व र युवा शक्ति

राजनीतिक नेतृत्वका दृष्टिले पनि अब समय आएको छ । शीर्ष तहका नेता र वरिष्ठ राजनीतिक दलका सदस्यहरूले सक्रिय राजनीतिबाट पछि हटेर सलाहकारको भूमिका निर्वाह गर्नु आवश्यक छ । युवा नेतृत्वलाई अगाडि आउन प्रोत्साहित गरिनुपर्छ, ताकि उनीहरूले देशका चुनौतीहरू नयाँ दृष्टिकोण र उत्साहका साथ समाधान गर्न सकून् । अनुभवको मार्गदर्शन र युवाको जोससँगै रहेमा मात्र नेपालले स्थिर, प्रगतिशील र सुसंगठित राष्ट्र बन्न सक्छ ।

## अभिभावक र सन्तान

यस यात्रामा अभिभावकहरूको भूमिका अतुलनीय छ । आफ्ना सन्तानलाई दोष दिने संस्कृति र आलस्यको बाटो होइन, जिम्मेवारी र सक्रियताको पाठ सिकाउनुपर्दछ । अभिभावकले स्वयं पनि उत्पादक र जिम्मेवार नागरिक बन्नुपर्छ, ताकि आफ्नो उदाहरणबाट सन्तानमा सकारात्मक संस्कार विकसित होस् । जेनरेसन जेड (जेन-जी)ले अब पर्खाइ नगरी सक्रिय भूमिका लिनुपर्छ, सोचमात्र होइन, कार्यमा अग्रसर हुनुपर्छ । युवाहरूले चेतना र साहसका साथ अगाडि बढेमात्र राष्ट्र उज्यालो हुने छ ।

## यस्तो हुन सक्छ उज्यालोको मार्ग

नेपाललाई अरु कसैले बाह्य शक्तिबाट बचाउन सक्दैन । यो शक्ति नेपालीको हृदयमा छ । नेपालीको मन र कर्ममा हुनु पर्दछ । हामीले आफैंलाई उठाउनुपर्छ, आफ्नो कमजोरी स्वीकार्नुपर्छ, आफ्नो बलमा विश्वास गर्नुपर्छ । अँध्यारोलाई दोष नदिनुहोस्, आफ्नै दियो बाल्नुहोस् । देश उज्यालो हुन्छ, जब हरेक नेपालीको मन उज्यालो हुन्छ । नेपालको मुक्ति नयाँ प्रणालीमा होइन, पुरानो आत्माको पुर्न्जागरणमा छ । यही जागरणको क्षणमा नेपाल फेरि हिमालजस्तै दृढ, गंगाजस्तै पवित्र, र जनकजस्तै विवेकी हुने छ । हरेक नेपालीले नेपाललाइ मन, वचन र कर्मबाट बचाउने छ । यदि नेपालीहरू अरुको दोष देख्न होइन, आफ्नो क्षमता र उत्तरदायित्व सम्झन सक्ने भए भने उनीहरू राष्ट्रदीप बन्न सक्छन् । एकपटक राष्ट्रले सबैको सामूहिक प्रयत्न मागेको छ । अर्को पक्ष कर्म र धर्मको समायोजन हो । देश उठाउन र जगाउन कर्मलाई पूजा बनाउनुपर्छ ।

## कर्म नै पूजा

मानव जीवनको सार कर्ममा निहीत छ, र कर्मको दिशा धर्मले निर्धारण गर्छ । धर्मविना कर्म अन्धो हुन्छ, कर्मविना धर्म निष्प्रभावी हुन्छ । यी दुई जब सन्तुलित हुन्छन्, तब जीवनमा शान्ति, शासनमा न्याय, र समाजमा स्थिरता बस्छ । नेपालको वर्तमान अवस्था हेर्दा देखिन्छ कि हामी धर्मको नाममा निष्क्रिय र कर्मको नाममा अविवेकी भयौं । कोही कर्म गर्छ तर उद्देश्य स्वार्थ हो, कोही धर्मका कुरा गर्छ तर व्यवहारमा कपट छ । यही असन्तुलनले नै देशमा अव्यवस्था जन्माउँछ । कर्म र धर्मको समायोजन भनेको यही असन्तुलनलाई सन्तुलनमा रूपान्तरण गर्ने आन्तरिक साधना हो ।

## कर्मः समाजको गतिशील शक्ति

कर्म भनेको केवल काम होइन, चेतनासहितको प्रयत्न हो । श्रम, सेवा, सिर्जन- यी सबै कर्मका रूप हुन् । जब व्यक्ति आफ्नो कामलाई कर्तव्यका रूपमा गर्छ, त्यो नै सच्चा कर्म हो । नेपालको पुर्न्जागरण कर्मको पुनर्व्याख्याबाट सुरु हुनुपर्छ । सरकारी कर्मचारीले आफ्नो कामलाई बोझ होइन, राष्ट्रसेवा मान्न सक्नु पर्दछ; किसानले माटोलाई पूजा ठान्नु पर्दछ; शिक्षकले पढाउने कामलाई आत्मअर्पणको अभ्यास बनाउनुपर्दछ; युवाले आफ्नो श्रमलाई राष्ट्र निर्माणको जिम्मेवारी ठान्नु जरुरी छ; त्यो क्षणमा नेपाल पुनः जीवित हुने छ । कर्मलेमात्रै शासन चल्दैन, तर शासनको आत्मा जागृत हुन्छ । कर्म नै शासनको मेरुदण्ड हो ।

## धर्मः विवेकको दिशा

धर्म भनेको धर्मग्रन्थको अनुकरण होइन, विवेकको अभ्यास हो । धर्मले कर्मलाई दिशा दिन्छ, ताकि शक्ति असंयममा न्जाओस् । भगवद्गीताले भन्छ- 'स्वधर्मे निधनं श्रेयः, परधर्मो भयावहः ।' अर्थात् आफ्नो धर्ममा स्थिर रहनु नै श्रेष्ठ हो । आफ्नो धर्म भन्नाले आफ्नो कर्तव्य, आफ्नो सत्य, आफ्नो दायित्व हो । जब मानिस आफ्नो स्वधर्ममा अडिग रहन्छ, कर्म स्वतः पवित्र हुन्छ । नेपालमा धर्मको अर्थलाई संकुचित गरेरमात्र धार्मिक अनुष्ठानमा सीमित गरियो । धर्म वास्तवमा जीवनको नीति हो, कर्मको दिशा हो । यदि शासन धर्ममा आधारित हुन्छ भने त्यसले न्याय ल्याउँछ; यदि केवल शक्ति र स्वार्थमा आधारित हुन्छ भने त्यसले अन्याय जन्माउँछ ।

## कर्म र धर्मको असन्तुलनको परिणाम

जब कर्म धर्मविहीन हुन्छ, तब दुराचरण जन्मन्छ; जब धर्म कर्मविहीन हुन्छ, तब ढोंग जन्मन्छ । आजको समाज यही दुई चरमबीच फसेको छ । कोही कर्म गरिरहेका छन् तर विवेक हराएका छन्; कोही धर्मको कुरा गर्छन् तर केही गर्दैनन् । नेपालमा धर्म र कर्मको सम्बन्ध पुनर्स्थापना नगरी सुशासन सम्भव छैन । धर्मले नीतिलाई शुद्ध बनाउँछ, कर्मले त्यसलाई कार्यान्वयन गर्छ ।

## कर्मयोग र शासन

शासनको आधार पनि यही कर्मयोगमा निहीत छ । कर्मयोगी नेता, कर्मचारी, वा नागरिकले आफ्नो कर्तव्यलाई आत्मिकरूपमा बुझ्छ । उसले शक्ति होइन, सेवा खोज्छ । श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न भने तर घृणाले होइन, धर्मले प्रेरित भएर । यही सन्देश शासनका लागि पनि सान्दर्भिक छ । न्यायका लागि कार्य गर्नुपर्छ, व्यक्तिगत प्रतिशोधका लागि होइन ।

नेपालमा यदि नेतृत्व कर्मयोगमा आधारित भयो भने, त्यसले सत्ता होइन, सेवा निर्माण गर्छ । अनि शासन केवल व्यवस्थापन होइन, मूल्य संस्कारमा टेकेको प्रणाली बन्छ । कर्म र धर्मको एकीकृत चेतना साँचो नागरिक चेतना तब जाग्छ जब कर्म धर्ममा र धर्म कर्ममा मिसिन्छ । यदि नागरिकले आफ्नो कामलाई पूजा ठान्छ भने भ्रष्टाचार हराउँछ; यदि नेता आफ्नो जिम्मेवारीलाई साधना ठान्छ भने राज्य बलियो हुन्छ । कर्म र धर्मको समायोजन भनेको 'कार्य नै प्रार्थना' र 'सेवा नै साधना' बन्ने चेतना हो । जब हरेक नागरिकले आफ्नो कामलाई सेवा ठान्छ, त्यो राष्ट्रमा नैतिक शासन जन्मिन्छ ।

## पारिवारिक र सामाजिक शिक्षाको भूमिका

कर्म र धर्मको संस्कार बाल्यकालमै सुरु हुनुपर्छ । अभिभावकले सन्तानलाई केवल परीक्षा पास गर्न होइन, कर्ममा निष्ठा र धर्ममा विश्वास राख्न सिकाउनुपर्छ । विद्यालयले ज्ञानमात्र होइन, मूल्यको शिक्षा दिनुपर्छ । जब समाजले नैतिकता र श्रमलाई बराबर सम्मान दिन थाल्छ, तब कर्म र धर्मको एकता स्थायी बन्छ ।

अन्ततः कर्ममै धर्मको तेज हो । कर्म धर्मको प्रत्यक्ष रूप हो, धर्म कर्मको आत्मा हो । दुवैको मेलले जीवन र राष्ट्र दुवैमा उज्यालो ल्याउँछ । नेपालमा शासन, समाज र व्यक्ति- तीनै तहमा यही समायोजनको आवश्यकता छ । जब शासन धर्ममा, नागरिक कर्ममा, र समाज चेतनामा बलियो हुन्छ, तब नेपाल पुनः विवेक, न्याय र करुणाको प्रतीक राष्ट्र बन्छ । नेपाल बाँच्ने छ, उठ्ने छ र स्वावलम्बी बन्ने छ जब कर्म र धर्म दुवै एउटै दिशामा बग्ने छ, जब काम सेवा बन्ने छ र सेवा नै पूजा बन्ने छ । सन्तान जिम्मेवार र चेतनशील बन्ने छन् र अभिभावक देशको निकासमा तल्लीन हुने छन् । *रासस*

***(लेखक नेसनल ल कजेजका संस्थापक प्राध्यापक हुन्)***

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी) मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

## पाठक मञ्च

# अराजक गतिविधिमा संलग्न सबैलाई कारबाहीको दायरामा ल्याऊ

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा देशभर सार्वजनिक तथा न्जी सम्पत्तिमाथि तोडफोड र आगजनी भए । देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, संघीय संसद् भवन, सर्वोच्च अदालतदेखि सबैजसो सरकारी भवनहरू खरानी बनाइए । यसबाट मुलुकलाई खर्बौंको भौतिक क्षति त भयो नै त्यसभन्दा बढी महत्त्वपूर्ण कागजातहरू नष्ट भए । भ्रष्टाचार अन्त्य र सुशासनको प्रमुख माग लिएर उठेको जेन-जी आन्दोलन यसरी विध्वंसात्मक बन्छ भनेर कसैले सोचेको थिएन । कसैले नसोचेको, अहिलेसम्म कहीँ नभएको २४ घण्टाभित्र देशका मुख्य संरचनाहरू ध्वस्त पार्दै सत्ता उलटपलक गरेको घटना भयो ।

त्यसो त मुलुकमा यस्ता विध्वंसहरू विगतमा नभएका होइनन् । तर यति छोटो समयमा सत्ता नै ढाल्ने गरी भएको आन्दोलन पहिलो नै हो । जेन-जी आन्दोलनको उद्देश्य यस्तो विध्वंस मच्चाउने पक्कै थिएन । उनीहरूको माग प्रस्ट थियो । तर यही आन्दोलनलाई प्रयोग गरेर अर्कै समूहले विध्वंस मच्चायो । सायद यो उनीहरूको निकै पहिलेदेखिको योजना थियो । आन्दोलनका क्रममा भएका हर्कत र त्यसमा संलग्नहरूलाई हेर्दा घटना योजनाबद्ध नै थियो भन्न सकिने प्रशस्त प्रमाणहरू भेटिन्छन् । तर यसको पछाडि मुख्य योजनाकार को थिए ? प्रश्न अनुत्तरित छ ।

सोही आन्दोलनपश्चात् पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको छ । यो सरकार बनेसँगै प्रतिनिधिसभा विघटन गरेर फागुन २१ गतेका लागि चुनाव घोषणा गरियो । सरकारको मुख्य म्याण्डेट अहिले तोकिएको समयमा चुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो । अर्को, भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि यो सरकारले काम गर्नुपर्ने छ । साथै, जेन-जी आन्दोलनका क्रममा ७६ जनाको ज्यान जानेगरी भएको हिंसात्मक घटनाका दोषीमाथि कारबाही गर्नु हो । सार्वजनिक तथा न्जी सम्पत्तिमाथि आगजनी, तोडफोड र लुटपाट गर्नेलाई कारबाहीको दायरामा ल्याउनु हो ।

सरकारले भदौ २३ र २४ को घटनाबारे छानबिन गर्न जाँचबुझ आयोग बनाइसकेको छ । आयोगले काम सुरु गरिसकेको छ । आयोगले निष्पक्षरूपमा अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाउला नै । त्यसमा दोषी किटान भएकाहरू कारबाहीको दायरामा आउने अपेक्षा गरौं । तर सरकारले सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेहरूलाई कारबाहीको दायरामा ल्याउन अझै चासो दिएको देखिँदैन । सामाजिक सञ्जालमा भएका फुटेजहरू तोडफोड र आगजनीमा संलग्न व्यक्तिहरू पहिचान गर्न दरिलो प्रमाण रहेका छन् । अहिलेसम्म एक जना पनि पक्राउ परेको छैन । सरकारले त्यतातर्फ ध्यान दिएकै छैन । यसरी बेवास्ता गरिरहँदा सरकारको नियतमाथि नै प्रश्न उठेको छ । आन्दोलनका नाममा सार्वजनिक सम्पत्ति ध्वस्त पार्नेलाई छुट दिन मिल्छ ?

कानुनी राज्यमा जोसुकै होस्, कारबाहीको दायरामा आउनुपर्छ । अहिले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह र हामी नेपालका सुदन गुरुङमाथि नै प्रश्न उठिरहेको छ । उनीहरूविरुद्ध प्रहरीमा जाहेरीसमेत परेको छ । विभिन्न घटनाक्रम र प्रमाणहरूले उनीहरूमाथिको आरोपमा छानबिन हुनुपर्ने प्रस्ट देखिन्छ । यस्ता धेरै पात्रहरू छन्, जो विध्वंसात्मक कार्यमा संलग्न भए । खर्बौंको सार्वजनिक तथा न्जी सम्पत्ति खरानी बनाए । उनीहरूलाई उन्मुक्ति दिन मिल्दैन । यस्ता कार्यमा संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउन तत्काल कदम चालियोस् । अन्यथा, मुलुकमा जसले जे गर्दा पनि हुन्छ भन्ने प्रवृत्तिले प्रश्रय पाउने निश्चित छ । कानुनी राज्यमा कानुनविपरीतको काम गर्ने कसैलाई छुट दिनु हुन्न । यसतर्फ सरकार गम्भीर बनोस् ।

- **राजकुमार लामा**, चावहिल

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**पक्कीपुल क्षतिग्रस्त भएपछि...** | इलामको गजुरमुखी धामस्थित माङसेबुङ गाउँपालिका र देउमाई नगरपालिका जोड्ने देउमाई खोलामाथिको गत शनिबार आएको बाढीले पक्कीपुलमा क्षति पुऱ्याएपछि आवतजावतमा सहज बनाउन बाँसको साँघु बनाउँदै स्थानीयवासी । *तस्बिरः रामकुमार लिम्बू/रासस*

# सामान्य विवादले ठूलो रूप लिँदा दलित बस्तीमा तोडफोड र लुटपाट



**सिरहा–** यही असोज १ गते विश्वकर्मा पूजाका क्रममा भएको एउटा विवादले ठूलो रूप लिँदा कल्याणपुर नगरपालिका-८ स्थित अरङ गाउँको ठूलोपोखरी डिलमा पाँच दलित परिवार समस्यामा परेका छन् । विश्वकर्मा पूजामा गाउँमा आर्केस्ट्रा ल्याइएको थियो । आर्केस्ट्रामा नाचगान गर्ने क्रममा भएको सामान्य विवादपछि दलित परिवारका घरमा तोडफोड तथा लुटपाट भएको छ ।

पीडितका अनुसार नाचगानका क्रममा केहीले मदिरा पनि सेवन गरेका थिए । यसैक्रममा केही दलित युवा र स्थानीय प्रभाषसिंह राजपुतबीच भनाभन भयो । सुरुमा सामान्य लागेको विवाद यत्तिकै सुल्झिएन । दलित परिवारमा बस्तीबाट उठाइदिने धम्कीसमेत आयो । धम्की आएपछि दलित परिवार सुरक्षा माग गर्दै इलाका प्रहरी कार्यालय कल्याणपुर पुगेका थिए ।

प्रहरीले विवाद समाधान गर्न असोज १२ मा छलफल राखेको थियो । तर त्यस दिन छलफल नभएपछि अर्को छलफल असोज २१ गतेका लागि तोकिएको थियो । उक्त छलफल हुनुअघि अर्थात् असोज १७ गते शुक्रबार दिउँसो करिब २ बजेतिर २०/२५ जनाको समूहले दलित बस्ती तहसनहस पाऱ्यो ।

उक्त समूहले पाँचवटा दलितका घरमा तोडफोड र लुटपाट गरेको पीडित सोभित पासमानले बताए । 'तोडफोड र लुटपाटको समयमा इलाका प्रहरी कार्यालय कल्याणपुरका केही प्रहरी घटनास्थलमै थिए, तर कसैले केही बोलेन । उनीहरूले रोक्ने प्रयास पनि गरेनन्, यसले हामीलाई थप भयभित बनायो,' उनले भने ।

पीडितहरूका अनुसार अशोक पासमानको घरबाट चार आना सुन र ३० तोला चाँदीका गहना, राजकुमार पासमानको घरबाट खाद्यान्न, रासलाल पासमानको घरबाट खाद्यान्नका साथै चार आना सुन, १० तोला चाँदीका गहना र १८ हजार रूपैयाँ र बिन्दे पासमानको घरबाट २० तोला चाँदी, दुई आना सुन र तीन हजार रूपैयाँ लुटिएको छ ।

त्यस्तै, खाना पकाउने भाँडा, लत्ताकपडादेखि बगैंचाबाट आँप, अम्बा, केरा र कागतीका बोटमा पनि क्षति पुऱ्याइएको छ । पीडित राजकुमार पासमानका अनुसार पाँचवटा परिवारका ३० जनाको परिवार अहिले अलपत्र अवस्थामा छ ।

घटना भएको भोलिपल्ट प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्मा बस्तीमा पुगेका थिए । उनीहरूले स्थलगत अनुगमनपछि पीडित परिवारलाई त्रिपाल, कम्बल र झुल वितरण गरेका थिए ।

### १३ जनाविरूद्ध जाहेरी

बस्तीमा भएको तोडफोड र लुटपाट प्रकरणमा वडाध्यक्ष रामकिशोर यादवसहित १३ जनाविरुद्ध किटानी जाहेरी परेको छ । पीडितहरूले इलाका प्रहरी कार्यालय मिर्चैयामा सोमबार आपराधिक उपद्रवसम्बन्धी जाहेरी दिएका हुन् । उनीहरूले वडाध्यक्ष यादव, प्रभास सिंह, कलास सिंह, रामनारायण सिंह, मुस्तफा राइन, गणेश कामतीलगायतका व्यक्तिविरुद्ध तोडफोड, लुटपाट र दुरुत्साहनको आरोप लगाएका छन् ।

### वडाध्यक्षसहित तीन जना पक्राउ

प्रहरीले वडाध्यक्ष यादवलाई भीडलाई उक्साएको आरोपमा नियन्त्रणमा लिएको छ । यादवलाई गत शनिबार नै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट पक्राउ गरी हिरासतमा राखिएको हो । इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमासमेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको जानकारी दिए ।

### पीडित परिवारलाई नगरपालिकाको राहत

पीडित परिवारलाई नगरपालिकाले सोमबार राहत सामग्री प्रदान गरेको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवका अनुसार प्रतिपरिवार २५ किलो चामल, पाँच किलोका दरले दाल, चिउरा, मुरही, सोयाबिन, आलु, प्याज, आटालगायतका सामग्री उपलब्ध गराइएको छ ।

पीडित परिवारको आवासका लागिसमेत पहल भइरहेको जानकारी दिँदै कार्यवाहक नगरप्रमुख रेखादेवी यादवले भनिन्, 'उहाँहरूलाई तत्कालका लागि राहत दिएका छौं, आवासको व्यवस्थापनबारे नगरपालिकामा छलफल भइरहेको छ ।' *रासस*

# तिहारका लागि मादल बनाउन व्यस्त चित्र बादी



**देउखुरी (दाङ)–** कमेरोले लिपेर चिटिक्क पारिएको सानो कच्ची घर । घरको सानो आँगन साना र ठूला मादलले भरिएको छ । त्यसैका छेउमा एकाबिहानै चित्रे बादी मादलमा एकनासले खरी भरिरहेका छन् ।

घोराही उपमहानगरपालिका-१७ पचुर्खाका बादीको मादल बनाउने र मर्मत गर्ने व्यस्तता तिहार नजिकिएसँगै थपिएको हो । उनका अनुसार अरु समयमा भन्दा तिहारमा मादलको माग बढ्छ । तिहारमा हुने मादल बिक्रीबाट राम्रो आम्दानी हुने उनको भनाइ छ ।

आफूले मादल मर्मत गर्नेदेखि नयाँ मादल पनि बनाउँदै आएको उनले सुनाए । 'बुवाले मादल बनाउनुहुन्थ्यो, उहाँकै सिको गरेर मैले पनि १२ वर्षको उमेरदेखि मादल बनाइरहेको छु,' ७० वर्षे बादीले भने । उनका अनुसार हिजोआज त बिहान उज्यालो भएदेखि बेलुकैसम्म मादलको काम भ्याइनभ्याइ छ । यही पेसाबाट आफूले चार छोरा र दुई छोरी हुर्काएको र यसैबाट घर खर्च चलाएको पनि उनले उल्लेख गरे ।

तिहारमा देउसी भैलो खेल्नेहरू हरेक वर्ष जसो उनको घरमा नयाँ मादल किन्न, मादलमा खरी हाल्न, मादल कस्न र छाला फेर्न आउँछन् । नयाँ मादलको आकारअनुसार सात हजार रूपैयाँदेखि १५ हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको उनले सुनाए ।

उनको घरमा घोराही, तुलसीपुर, नारायणपुर, लमही, प्युठान र रोल्पालगायतबाट स्थानबाट मादल खरिद गर्न मानिस आउने गरेका छन् । उनलाई काममा श्रीमती भूमि बादीले सहयोग गर्छिन् । आफूलाई नयाँ मादल बनाउन नआएपछि श्रीमान्‌को काममा सहयोग गरिरहेको भूमि बादीले सुनाइन् । आफूले खरी बनाउन, छाला काट्नेलगायतका काममा सहयोग गरिरहेको बताइन् । उनको परिवारमा कान्छो छोरा पनि मादल बनाउन सिकेको उनको भनाइ छ । उनी मादल बनाउन खिर्रो, मौवा, मलेतो, खमारीलगायतका काठको प्रयोग गर्छन् । मौवा र खमारीको काठमा स्वर राम्रो सुनिने उनको अनुभव छ । *रासस*

# कोशी अस्पतालमा 'जेन-जी क्लिनिक'

**विराटनगर (प्रस)–** यहाँस्थित कोशी अस्पतालमा जेन-जी क्लिनिक सञ्चालनमा आएको छ । गत भदौ २३ र २४ को प्रदर्शनका क्रममा भएका घाइतेहरूलाई शीघ्र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले क्लिनिक सञ्चालनमा ल्याइएको हो ।

गृह मन्त्रालयको पहल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनअनुसार अस्पतालले उक्त क्लिनिक सञ्चालनका ल्याएको हो ।

अस्पतालकी प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. रुणा झाले उक्त क्लिनिक कुनै विशेष उपचार केन्द्र नभई जेन-जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूका लागि छिटो र प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने समन्वयात्मक प्रणाली भएको बताइन् । उनका अनुसार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयको समन्वयमा जेन-जी आन्दोलन घाइतेका रूपमा परिचयपत्र प्राप्त गरेका व्यक्तिहरू अस्पतालमा आएपछि उनीहरूलाई जेन-जी क्लिनिकमार्फत प्राथमिक सेवा प्रदान गरिने छ ।

'यो जेन-जी क्लिनिक भन्नाले नयाँ वा छुट्टै स्वास्थ्य सेवा होइन, जेन-जी आन्दोलनका घाइतेलाई तुरुन्त उपचार उपलब्ध गराउने संयन्त्र हो,' मेसु डा. झाले भनिन्, 'सिडिओ अफिसमार्फत गृह मन्त्रालयले घाइते परिचयपत्र जारी गरेको छ, र त्यस्तो कार्ड बोकेका बिरामी अस्पतालमा आइपुग्दा उनीहरूलाई छिटो उपचार सेवा दिने व्यवस्था गरिएको हो ।'

यो क्लिनिक सञ्चालनका लागि अस्पतालले पाँच सदस्यीय समिति गठन गरेको छ । समितिको संयोजकमा अर्थोपेडिक विभाग प्रमुख डा. महेन्द्रप्रसाद महतो रहेका छन् । समितिका सदस्यहरूमा फिजिकल मेडिसिन विभाग प्रमुख डा. सुनिलबाबु खनाल, सर्जिकल विभागका मेडिकल अधिकृत डा. क्षितिज गिरी, अननि तथा ओपिडी इन्चार्ज श्रीमती नविता शर्मा र सिअहेव अधिकृत (सम्पर्क व्यक्ति) कामेश्वर परिहस्त सदस्य सचिवका रूपमा रहेका छन् ।

उक्त समितिमार्फत अस्पतालमा आउने जनआन्दोलनका घाइते बिरामीहरूको छिटो उपचारका लागि समन्वय, व्यवस्थापन तथा आवश्यक सुविधा उपलब्ध गराउने काम गरिने अस्पतालले जनाएको छ । समितिले अस्पतालका विभिन्न विभागसँग मिलेर बिरामीहरूको उपचार प्रक्रिया सहज र छरितो बनाउन आवश्यक योजना तयार पार्ने छ ।

'यो हाम्रो नियमित अस्पताल सेवामा जोडिएको एउटा समन्वयात्मक प्रणाली हो, जसले जेन-जी आन्दोलनका घाइतेहरूलाई सम्मानका साथ छिटो उपचार दिलाउन मद्दत गर्ने छ,' मेसु झाले भने । स्वास्थ्य मन्त्रालयको पत्राचारपछि देशभरका प्रमुख अस्पतालहरूमा यस्तो व्यवस्था सुरु गरिएको हो । यो कार्यक्रम जेन-जी आन्दोलनका क्रममा घाइते भएकाहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने सरकारी प्रयासको रूपमा लिइएको छ ।

# बाढीपहिरोमा भत्किएका घरहरू प्रदेश सरकारले पुनर्निर्माण गरिदिने

**विराटनगर (प्रस)–** कोशी प्रदेश सरकारले केही दिनअघि गएको बाढीपहिरोले भत्किएका र बगाएका सबै घर पुनर्निर्माण गरिदिने भएको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बुधबार बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले सबै घर बनाइदिने निर्णय गरेको हो । विपद्मा सबैभन्दा बढी क्षति भएको इलाम, झापा र मोरङका घरहरू तत्कालै बनाउन सुरु गर्ने कोशी प्रदेश सरकारले जानकारी दिएको छ ।

घरहरूको सम्पूर्ण विवरण संकलन पनि गर्दै जाने र निर्माण कार्य पनि अगाडि बढाउँदै जाने बुधबारको परिषद् बैठकले निर्णय गरेको छ ।

त्यस्तै परिषद् बैठकले इलाम जिल्लाका सातवटा पालिकालाई संकटग्रस्त घोषणा गर्नका लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ ।

प्रदेश सरकारले राहत र पुनर्स्थापनाका लागि इलाम जिल्लामा समन्वय गर्न आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगर, भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राई र आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीलाई जिम्मा दिएको छ । सो टोलीले सम्पूर्ण क्षेत्रको स्थलगत निरीक्षण गर्दै पुनर्निर्माणलाई फिल्डमै खटेर तीव्रता दिने छ ।

त्यस्तै सुनसरी जिल्लाको हकमा वन पर्यटन तथा वातावरणमन्त्री सदानन्द मण्डल र आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले समन्वय गरी काम गर्ने छन् । झापा जिल्लाका लागि खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीलाई आवश्यक पुनर्निर्माण र सबै खालको समन्वय गर्ने जिम्मेवारी तोकिएको छ ।

बैठकले चालु बजेटका खर्च र योजनाहरू हेरेर कटौती गरी पुनर्निर्माणमा खर्च गर्नका लागि कोशी प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले तत्कालै सबै खालका बाटोहरू खुलाउन आफ्ना सबै संयन्त्र परिचालन गर्नका लागि पनि आजको बैठकले निर्देशन गरेको छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री कार्कीले पुनर्निर्माण र राहतमा कुनै कसर नराखी काम अगाडि बढाउनका लागि बैठकमा निर्देशन दिएका थिए ।

विपद्मा सम्पूर्ण नागरिक, उद्योगी व्यवसायी, अधिकारकर्मी, राजनीतिक पार्टी, बैंक तथा वित्तीय संस्था र कर्मचारीहरूलाई सहयोग गर्नका लागि आह्वान गर्नेसमेत निर्णय गरेको आन्तरिक मामला तथा कानुन मन्त्रालयका विपद् महाशाखा प्रमुख कमल थापाले जानकारी दिए ।


**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रामपुर, सल्यान

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८२।६।२३)

उपरोक्त विषयमा यस कार्यालयकोः KRM/NCB/GOODS/2082/83/04 का लागि प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअ कर बाहेक) |
|---|---|---|---|---|
| १ | KRM/NCB/GOODS/2082/83/04 | Masalanda samagri kharid | Thapa Trade Center Birendranagar-6, Surkhet | १६,२६,७४८।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**मलेसियामा रोजगार** कम्पनी : KAWEKAWA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331684 | चलानी नं. ६०२४५६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,२५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७



**मलेसियामा रोजगार** कम्पनी : Target Security Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/०६/२० | LT. No. 331890 | चलानी नं. ६०२४५६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५७,२५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८



**साउदीमा रोजगार** कम्पनी : TAMKEEN HUMAN RESOURCES COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331876 | चलानी नं. ६०२४५६५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 15 | 0 | 1000 | ३७,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : STEADY ROUTES SUPPORT SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331930 | चलानी नं. ६०२४५४३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६८,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

प्रभाव दैनिक

रूपशाला

बिहीबार, २३ असोज २०८२ (Thursday, 09 October 2025)

## पञ्जाबी गायक राजवीर जवन्दाको निधन



प्रसिद्ध पञ्जाबी गायक राजवीर जवन्दको निधन भएको छ । राजवीर सडक दुर्घटनामा घाइते भएको र उपचारको क्रममा मृत्यु भएको पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले इन्स्टाग्राममा पोस्ट गर्दै बताएका हुन् । बीबीसी पञ्जाबीका अनुसार यो भयानक सडक दुर्घटना सेप्टेम्बर २७ को बिहान हिमाचल प्रदेशको बद्दी नजिकै भएको थियो । दुर्घटनापछि राजवीर जवन्दलाई मोहालीको फोर्टिस अस्पतालमा भर्ना गरिएको थियो । राजवीर लगभग ११ दिनसम्म भेन्टिलेटरमा रहेको समाचारमा भनिएको छ । जवन्दको मृत्युको पुष्टि गरेको छ ।

# मोफसल यात्रामा ‘माइतीघर’ टिम




■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार केदारप्रसाद घिमिरे ‘माग्ने बुढा’, धीरज मगर, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, शिशिर वाङदेल मोफसल यात्रामा छन् ।

फिल्म ‘माइतीघर’को उपत्यका बाहिरका दर्शकको प्रतिक्रिया बुझ्न उनीहरू निर्माता रोहित अधिकारी र निर्देशक मिलन तामाङ सहित मोफसल पुगेका हुन् ।

मोफसल यात्रा उनीहरूले नेपालगञ्जबाट थालेका छन् । मंगलबार नेपालगञ्जकै क्यूएफएक्स बागेश्वरीमा हलमा दर्शक भेट्दै फिल्मको प्रतिक्रिया समेत लिएका छन् । फिल्मका कलाकार आफ्ना अगाडि भेट्दा दर्शकले पनि कलाकारसँग तस्बिर र सेल्फी खिचेका थिए ।

नेपालगञ्जका दर्शकले फिल्मको बारेमा एकदमै राम्रो प्रतिक्रिया दिएको निर्माता रोहित अधिकारीले बताए । दर्शकले फिल्मको अर्को सिक्वेल समेत माग गरेको उनको भनाइ छ ।

दर्शक भेट्नु भनेको आफ्नो अभिनयको के कस्तो छ त्यो थाहा पाउनु भएको कलाकार केदार घिमिरेले बताए । ‘दर्शकबाट मैले अभिनय प्रतिक्रियाको अलवा आफुले सुधार गर्नुपर्ने विषय पनि लिएको छु,’ घिमिरेले भने ‘यसले आगामी दिन अगाडि बढ्न मद्दत मिल्छ ।’ कलाकार टोली नेपालगञ्जबाट दाङ, बुटवल र चितवन हुँदै काठमाडौं फर्किनेछ ।

फूलपातीबाट देशभर प्रदर्शनमा आएको फिल्म सोमबारबाट दोस्रो सातामा प्रवेश गरेको छ । फिल्मले अहिलेसम्म कति व्यवसाय गर्‍यो त्यो भने सार्वजनिक गरिएको छैन ।

मिलन तामाङको निर्देशन रहेको फिल्ममा केदार प्रसाद घिमिरे, धीरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, बुद्धि तामाङ, शिशिर वाङ्देल लगायत कलाकारको अभिनय छ ।

# गायक पुडासैनीको स्वरमा ‘वर पिपलु’ सार्वजनिक



■ प्रभाव संवाददाता

**हेटौंडा–** गायक एवम् पत्रकार बलराम पुडासैनीको वर पिपलु बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । गीतको भिडियो अफिसियल युट्युब च्यानल मुर्चुङ्गा टिभीमार्फत् आज सार्वजनिक गरिएको हो । गीतमा गायक पुडासैनीलाई गायिका बिना राईले स्वरमा साथ दिएकी छिन् ।

किशनप्रसाद सुवेदीको शब्द तथा सञ्जोग गौतमको संगीत रहेको गीतको भिडियोमा गायक पुडासैनी र गायिका राईको अभिनय देख्न सकिन्छ ।

गीतको संगीत संयोजन विश्व अधिकारीले गरेका हुन् । ओपल रेकर्डिङ स्टुडियो र अन्तरा स्टुडियोमा गीतको रेकर्डिङ तथा भिडियोको छायाँकन गरिएको हो । गीतमा प्रेमको मधुर सुरुआत र प्रेम सम्बन्ध तथा बिछोडपछिको पीडा र आत्म बोधलगायतका संवेदनाहरूलाई समेट्ने प्रयास गरिएको छ ।

प्रेममा पर्ने युवायुवतीहरूको भावना, ब्रेकअपपछि आउने मनोवैज्ञानिक उतारचढाव र पछुतोको गहिरो अनुभूतिलाई गीतमा कलात्मक ढंगले प्रस्तुत गरिएको छ ।

गीतको शब्द र संगीतमा प्रेमले ल्याउने मिठास मात्रै होइन, टुटेको सम्बन्धपछि आत्मा भित्र बज्ने मौन र तितो सङ्गीतलाई झल्काइएको छ ।

गीतलाई युवापुस्ताको मनोदशा र यथार्थ प्रेमकथाको अभिव्यक्तिको रूपमा चित्रण गरिएको छ । बिछोडपछिको पश्चात्ताप पनि कहिलेकाहीँ प्रेमकै गहिरो प्रमाण बन्छ भन्ने सन्देश बोकेको यस गीतलाई आजको युवा पुस्ताको कथाको रूपमा हेरिएको छ ।

# अमेरिकाबाटै तिहार गीत ल्याउँदै एलिना-प्रताप

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका एलिना चौहान र गायक प्रताप दासले नजिकिँदै गरेको तिहारलाई मध्यञ्जर गर्दै गीत ल्याउने भएका छन् । सांगीतिक टूरका क्रममा अमेरिका रहेका दुवै जनाले अमेरिकाबाटै तिहार गीत ल्याउने तयारी गरेका हुन् ।

अमेरिका भ्रमणमा रहेका बेला उनीहरूले सामाजिक सञ्जालमा राखेको तस्बिर अनि भिडियोहरूलाई दर्शकहरूले सुन्दर जोडीका रूपमा चित्रित गरेका छन् । तर, एलिना र प्रताप दुवैले आफूबारे आएका कमेन्टमा टिप्पणी गर्दै आफूहरू दाजुबहिनी भएको बताउँदै आएका छन् । केही दिनअघि त दुवैले ‘तिहारको भाइटीकाको शुभमूहुर्त उल्लेख गर्दै आलोचकलाई जवाफ दिए । उक्त गीतको संक्षिप्त क्लिप सार्वजनिक गर्दै उनीहरूले तिहार गीत बुधबार आउने बताएका छन् ।

गीतको भिडियोमा यी दुईलाई भाइटीका लगाएको देख्न सकिन्छ । उनीहरूले गीतमार्फत आलोचकलाई जवाफ दिन खोजेको देखिन्छ । उनीहरूले आफूहरू दाजुबहिनी भएको प्रमाणित गर्न यो गीत सार्वजनिक गर्न लागेको जस्तो देखिन्छ । यो गीतको क्लिप भाइरल भैरहेको देखिन्छ ।



चौथो सिरीजंघा फुटबल

# आयोजकलाई स्तब्ध पार्दै सप्तरंगी सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**पथरी (मोरङ)–** आयोजकलाई स्तब्ध पार्दै पाहुना टोली सप्तरंगी फुटबल क्लब (कानेपोखरी) चौथो सिरीजंघा फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

मोरङको पथरीशनिश्चरेमा सुरु भएको प्रतियोगिताअन्तर्गत मंगलबार सम्पन्न उद्घाटन खेलमा सप्तरंगीले आयोजक सिरीजंघा फुटबल क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो । खेलमा आयोजक टोली सुरुआतदेखि नै दबाबमा परेको थियो ।

पहिलो हाफको १२औं मिनेटमा आयोजकका जुनियर सावाको आत्मघाती गोलका कारण सप्तरंगीले अग्रता लियो । कर्नरबाट आएको बल रोक्ने प्रयासमा सावाको हेडर गोलपोस्टभित्र गएपछि घरेलु दर्शक स्तब्ध बनेका थिए ।

पहिलो हाफमा एक गोलले पछि परेको आयोजकले दोस्रो हाफमा खेलमा फर्कने प्रयास गरेको थियो । तर, सप्तरंगीको रक्षात्मक खेलले त्यस अवसर प्रदान गरेन । दोस्रो हाफको २०औं मिनेटमा निकेश राईले काउन्टर अट्याकमार्फत उत्कृष्ट गोल गर्दै सप्तरंगीको जित पक्का गरे । खेलको ‘म्यान अफ द म्याच’ सप्तरंगी फुटबल क्लबका हेमन्त मगर घोषित भए ।

प्रतियोगिताको दोस्रो दिन अर्थात् बुधबार कल्याण फुटबल क्लब र मंगलबारे फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ । पथरीशनिश्चरे-३ मा रहेको सिरीजंघा फुटबल क्लबले आयोजना गरेको यो प्रतियोगितामा मोरङ र झापाका आठ टिम सहभागी छन् । असोज २८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले ५० हजार रूपैयाँसहित ट्रफी प्राप्त गर्नेछ भने उपविजेताले २५ हजार रूपैयाँमा चित्त बुझाउनेछ ।

महिला टी-२० अन्तर्राष्ट्रिय शृंखला

# शानदार जितसहित नेपाललाई शृंखला



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले घरेलु टोली मलेसियाविरुद्धको महिला ट्वान्टी-२० शृंखला आफ्नो पक्षमा पारेको छ । बुधबार बायोमास क्रिकेट ओभलमा सम्पन्न पाँचौं तथा निर्णायक खेलमा नेपाल पाँच विकेटले विजयी भयो ।

यो जितसँगै नेपालले पाँच खेलको शृंखला ३-२ ले आफ्नो पक्षमा पार्‍यो । यसअघि मलेसिया तीन र १३ रनले विजयी हुँदा नेपालले दुवै खेलमा ६ विकेटको जित निकालेको थियो ।

मलेसियाले प्रस्तुत गरेको १०४ रनको लक्ष्य नेपालले १८ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्‍यो ।

नेपालका लागि रुवी पोदारले २६, पूजा महतोले २३, रुबिना क्षेत्रीले अविजित १५ र सम्झना खड्काले १३ रन बनाए । मलेसियाका लागि आइन हामिजा हसिम, नुर डानिया स्युहदा, आइसा एलिसा फिर्डाजु र नुर आल्याले समान एक विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको मलेसियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १०३ रनको योगफल तयार पारेको थियो । मलेसियाका लागि विनिफ्रेड दुराइसिंघमले ४०, माहिरा इज्जती इस्माइलले १९, आइन हामिजा हसिमले १५ र नुर डानिया स्युहदाले ११ रन बनाए ।

नेपालका लागि कविता कुँवर र राजमति ऐरीले समान तीन तथा रचना चौधरीले एक विकेट लिए ।

# एसियाली टेबलटेनिस टिम च्याम्पियनसिपमा छ नेपाली खेलाडी



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतमा हुने २८औं एसियाली टेबलटेनिस टिम च्याम्पियनसिपमा नेपालबाट ६ खेलाडीको सहभागिता रहने भएको छ ।

प्रतियोगितामा सहभागी हुने ६ खेलाडीसहित ८ सदस्यीय नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेपं का सदस्यसचिव टंकलाल घिसिङले बुधबार बिदाइ गरे । अक्टोबर ११ देखि १५ सम्म उडिसामा हुने प्रतियोगितामा संयोग कपाली, रुविन महर्जन, राजीव चिकन्बञ्जार, नवीता श्रेष्ठ, वियंका राई र इभाना थापाले प्रतिस्पर्धा गर्नेछन् ।

यसैगरी टोली प्रमुखमा कुवेरप्रकाश सिंह र प्रशिक्षकमा मोहनदास बासुकला छन् ।

# केभिआर समिट च्यालेञ्ज शनिबारदेखि

**काठमाडौं (प्रस)–** ट्रेलमान्डु नेपालको आयोजनामा ‘केभिआर समिट च्यालेञ्ज’ शनिबारदेखि सुरु हुने भएको छ । यो प्रतियोगिता हरेक महिना आयोजना हुने नियमित ट्रेल रनिङ सिरिज हो ।

काठमाडौं उपत्यकालाई घेर्ने पाँच प्रमुख हिमाल फुलचोकी, शिवपुरी, भस्मासुर, चन्द्रागिरी र जामाचोमध्ये एउटाको शिखरमा पुग्ने २० देखि ३० किलोमिटर दूरीको कठिन ट्रेल रुटमा यो प्रतियोगिता हुने आयोजकले जनाएका छन् । ट्रेलमान्डुले यसअघि दुई सत्र सफलतापूर्वक सम्पन्न गरिसकेको छ । यस वर्षको प्रतिस्पर्धामा परिवारमैत्री वातावरण सृजना गर्ने उद्देश्य राखिएको छ । सहभागीहरूले फरक-फरक दूरीमा प्रकृतिको आनन्द लिँदै दौडन वा पैदल यात्रा गर्न सक्नेछन् ।


नयाँ धावक र दृश्यावलोकन गर्न चाहनेका लागि ७ देखि १० किलोमिटर दूरीको ‘फन रन/हाइक’ समेत समावेश गरिएको छ । आयोजकका अनुसार यो छोटो ट्र्याक परिवार र साथीहरूका लागि उपयुक्त बनाइएको छ । यस वर्षको पहिलो रेसमा हालसम्म अमेरिका, जापान, फ्रान्स, नर्वे, भारतलगायत १३ देशका ८० भन्दा बढी धावकले दर्ता गरिसकेका छन् ।



पूर्वी चीनको जियाङ्सु प्रान्तको चाङ्ताई याङ्त्जे नदी पुलमा गुडिरहेका सवारीसाधन । *तस्बिरः सिन्हवा*

# सुसुमु किटागावा, रिचर्ड रोबसन र ओमार एम याघीलाई रसायनशास्त्रमा नोबेल पुरस्कार

**स्टकहोम–** सुसुमु किटागावा, रिचर्ड रोबसन र ओमार एम याघीले सन् १९८९ मा धातु-जैविक ढाँचाको विकासमा गरेको अद्वितीय अनुसन्धानका लागि रसायनशास्त्रतर्फको नोबेल पुरस्कार पाएका छन् ।




रोयल स्विडिस एकेडेमी अफ साइन्सेजका महासचिव हान्स एलेग्रेनले बुधबार स्टकहोममा पुरस्कारको औपचारिक घोषणा गरे । नोबेल समितिले तीनै विजेताले 'ग्यास र अन्य रसायनहरू बग्न सक्ने ठूला स्थानसहित आणविक संरचना सिर्जना गरेको' उल्लेख गर्दै यी संरचनाहरू मरुभूमिको हावाबाट पानी निकाल्न, कार्बन डाइअक्साइड समात्न, विषाक्त ग्यास भण्डारण गर्न वा रासायनिक प्रतिक्रियाहरू उत्प्रेरित गर्न प्रयोग गर्न सकिने बताएको छ ।

अस्ट्रेलियाको मेलबर्न विश्वविद्यालयका ८८ वर्षीय रोबसन, जापानको क्योटो विश्वविद्यालयका ७४ वर्षीय किटागावा र क्यालिफोर्निया विश्वविद्यालय बर्कलिका ६० वर्षीय याघी यस महत्त्वपूर्ण अनुसन्धानसँग सम्बन्धित छन् ।

नोबेल समितिका अध्यक्ष हेनर लिंकेले भने, 'धातु-जैविक ढाँचाले नयाँ कार्यहरूका लागि कस्टम-निर्मित सामग्रीमा अप्रत्यासित अवसरहरू प्रदान गर्दछ ।'

सन् १९०१ देखि सन् २०२४ सम्म १९५ जनालाई ११६ वटा रसायनशास्त्र पुरस्कार प्रदान गरिएको छ । सन् २०२४ को पुरस्कार जीवनको निर्माण खण्ड पत्ता लगाउन र नयाँ प्रोटिनहरू डिजाइन गर्न शक्तिशाली प्रविधि विकास गरेका डेभिड बेकर, डेमिस हचासाबिस र जोन जम्परलाई प्रदान गरिएको थियो ।

सन् २०२५ को पहिलो नोबेल पुरस्कार सोमबार परिधीय प्रतिरक्षा सहिष्णुतासम्बन्धी आविष्कारका लागि मेडिसिनमा मेरी ई. ब्रन्को, फ्रेड राम्सडेल र डा. शिमोन सकागुचीलाई दिइएको थियो । मंगलबारको भौतिकशास्त्र पुरस्कार जोन क्लार्क, मिशेल एच डेभरेट र जोन एम मार्टिनिसलाई उपआण्विक क्वान्टम टनेलिङमा गरेको अनुसन्धानका लागि दिइएको थियो ।

यस वर्षको नोबेल घोषणा बिहीबार साहित्य पुरस्कारसँगै जारी हुने छ भने नोबेल शान्ति पुरस्कार शुक्रबार र अर्थशास्त्र पुरस्कार अर्को सोमबार घोषणा गरिने छ । पुरस्कार समारोह डिसेम्बर १०, संस्थापक अल्फ्रेड नोबेलको पुण्यतिथिमा हुने छ । नोबेल स्विडेनी उद्योगपति र डायनामाइटका आविष्कारक थिए । उनको निधन सन् १८९६ मा भएको थियो । *रासस/एपी*

# सगरमाथा नजिकै फसेका किरब हजार पर्वतारोही सकुशल उद्धार

**बेइजिङ–** विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकैको तिब्बती पठारमा सप्ताहन्तमा परेको भीषण हिमपातपछि फसेका किरब एक हजार पर्वतारोही र सहयोगी कर्मचारीलाई सकुशल उद्धार गरिएको चिनियाँ सरकारी मिडियाले जानकारी दिएको छ ।

हालका वर्षहरूमा चीनको पश्चिमी उच्चभूमि क्षेत्रमा पर्यटन तीव्र गतिमा बढ्दै आएको छ । यो वर्षको आठ दिने राष्ट्रिय बिदाका अवसरमा हजारौं पर्यटक र बाहिरी खेलप्रेमीहरू यस क्षेत्रका प्रसिद्ध ट्रेकिङ मार्गहरूमा पुगेका थिए । तर सप्ताहन्तमा परेको तीव्र हिमपातले धेरै शिविरहरू पुरिँदा यात्रुहरू फस्न पुगेका थिए । त्यसपछि उद्धारकर्मीहरूले अग्निशामक, घोडा, याक र ड्रोनसम्म प्रयोग गरी ठूलो मात्रामा उद्धार अभियान सञ्चालन गरेका थिए ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार ५८० जना पर्वतारोही र ३०० भन्दा बढी स्थानीय गाइड, कर्मचारी र याक गोठालाहरू सुरक्षितरूपमा नजिकैको बस्तीमा फर्किएका छन् । उद्धार टोलीहरूले लगभग एक दर्जन थप पर्वतारोहीहरूलाई आपूर्तिसहित नजिकैको बस्तीमा पुर्‍याएका छन् ।

सबैजना सुरक्षितरूपमा फर्किएपछि सगरमाथा नजिकको उद्धार अभियान औपचारिकरूपमा समाप्त भएको बताइएको छ । यद्यपि अप्रत्यासित चरम मौसमका कारण नजिकका अन्य क्षेत्रमा क्षति पुगेको जनाइएको छ । छिमेकी किंघाई प्रान्तमा एक हाइकरको हाइपोथर्मिया र उचाइ रोगका कारण मृत्यु भएको राज्य मिडियाले सोमबार पुष्टि गरेको छ ।

यसैबीच, नेपाल र भारतको सिमानामा भारी वर्षाले निम्त्याएको बाढी र भूस्खलनबाट ७० जनाभन्दा बढीको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् । उद्धारकर्मीहरूले दुर्गम पहाडी बस्तीहरूमा पुग्न अहिलेसम्म पनि कठिनाइ भोगिरहेका छन् । *रासस/एएफपी*

# ऐतिहासिक व्यापार सम्झौतापछि भारतमा बेलायती प्रधानमन्त्री स्टार्मरको पहिलो भ्रमण

**मुम्बई–** लण्डन र नयाँदिल्लीबीच ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौता (एफटिए) मा हस्ताक्षर भएको केही महिनापछि बेलायती प्रधानमन्त्री किर स्टार्मर बुधबार भारत आइपुगेका छन् ।




यो उनको भारतको पहिलो आधिकारिक भ्रमण हो । भ्रमणबाट दुई देशबीचको आर्थिक सम्बन्ध अझ सुदृढ हुने अपेक्षा गरिएको छ । उनीसँग १२५ सदस्यीय प्रतिनिधिमण्डलसमेत आएको छ । प्रतिनिधिमण्डलमाब्रिटिसएयरवेजकाप्रमुख सिइओ सीन डोयललगायत अग्रणी उद्योगपति र व्यापारिक व्यक्तित्वहरू समावेश छन् ।

दुई दिने यो भ्रमण स्टार्मर र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच जुलाईमा लण्डनमा भएको भेटपछि भएको हो । लण्डनमा दुवै नेताले दीर्घ प्रतीक्षित व्यापार सम्झौतामा हस्ताक्षर गरेका थिए । स्टार्मरले आज (बिहीबार) मोदीसँग भेटवार्ता गर्ने र त्यसपछि मुम्बईमा आयोजित फिनटेक सम्मेलनलाई संयुक्तरूपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

एक विज्ञप्तिमा प्रधानमन्त्री स्टार्मरले भनेका छन्, 'सन् २०२८ सम्म भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने क्रममा छ र उनीहरूसँग व्यापार छिटो र सस्तो बनाउने अवसरहरू अतुलनीय छन् ।'

भारत र यसको पूर्वऔपनिवेशिक शासक बेलायत हाल विश्वका पाँचौं र छैटौं ठूलो अर्थतन्त्र हुन् । दुवै देशबीच करिब ५४ अर्ब ८० करोड अमेरिकी डलरबराबरको द्विपक्षीय व्यापार र लगानीले छ लाखभन्दा बढी रोजगारीलाई समर्थन पुर्‍याएको छ ।

भारतको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो भ्रमणले भारत-बेलायतबीच अग्रगामी साझेदारी निर्माण गर्ने साझा दृष्टिकोणलाई पुनः पुष्टि गर्ने बहुमूल्य अवसर प्रदान गर्ने छ ।'

नयाँ सम्झौताअनुसार भारतले ह्विस्की, कस्मेटिक्स र मेडिकल उपकरणजस्ता ब्रिटिस वस्तुहरूमा आयात कर घटाउने भएको छ भने बेलायतले कपडा, जुत्ता र भारतबाट फ्रोजन झिँगेमाछालगायतका खाद्यवस्तुहरूमा भन्सार शुल्क कम गर्ने सहमति जनाएको छ ।

प्रधानमन्त्री स्टार्मरले उद्योग क्षेत्रको दबाबका बावजुद भारतीय पेसेवरहरूका लागि भिसा पहुँच विस्तार गर्न अस्वीकार गरेका छन् । मुम्बईतर्फ जाँदै गर्दा उनले पत्रकारहरूलाई भने, 'त्यो योजनाको हिस्सा होइन । हामीले हस्ताक्षर गरिसकेको व्यापार सम्झौताबाट फाइदा लिनु नै हाम्रो उद्देश्य हो- अब त्यसलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्छ ।'

यसैबीच, मानवअधिकार समूहहरूले प्रधानमन्त्री स्टार्मरलाई सन् २०१७ देखि भारतमा हिरासतमा रहेका स्कटिस सिख ब्लगर जगतर सिंह जोहलको मुद्दा उठाउन आग्रह गरेका छन् । जोहालमाथि दक्षिणपन्थी हिन्दू नेताहरूको हत्याको कथित षडयन्त्रको आरोप लगाइएको थियो, तर अहिलेसम्म उनलाई दोषी ठहर गरिएको छैन । उनीविरुद्धका नौमध्ये एउटा आरोप गत मार्चमा अदालतले खारेज गरिसकेको छ । *रासस/एएफपी*

# हमास-इजरायल वार्तामा आशावाद, कैदीहरू आदानप्रदानको तयारी

**कायरो–** हमासले बुधबार गाजा युद्धको अन्त्यका लागि इजरायलसँग भएको अप्रत्यक्ष वार्तामा 'आशावाद' व्याप्त रहेको र समझदारीको एक हिस्साका रूपमा इजरायली बन्धकहरू मुक्त गर्न बदलामा रिहा गर्न चाहिएको कैदीहरूको सूची पेस गरेको जानकारी दिएको छ ।



वार्ताको उद्देश्य गत महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि सारेको २०-सूत्रीय शान्ति प्रस्ताव कार्यान्वयन गर्ने योजनालाई अघि बढाउनु हो । यसमा युद्धविराम, सबै बन्धकहरूको रिहाइ, हमासको निःशस्त्रीकरण र गाजाबाट क्रमिकरूपमा इजरायली फिर्तीको प्रावधान रहेको छ ।

बुधबारको वार्तामा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानी, टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन, ट्रम्पका विशेष मध्यपूर्व दूत स्टिभ विटकफ र राष्ट्रपतिका ज्वाइँ जारेड कुशनर उपस्थित थिए ।

हमासका वरिष्ठ अधिकारी ताहेर अल-नुनुले मध्यस्थकर्ताहरूले युद्धविराम कार्यान्वयनमा अवरोध हटाउन ठूलो प्रयास गरिरहेको र सबै पक्षमा आशाको भावना रहेको बताए ।

हमासले युद्धविरामको पहिलो चरणमा रिहा गर्न चाहने कैदीहरूको सूची पेस गरेको छ । बदलामा, हमासले जीवित र मृत दुवै ४७ जना इजरायली बन्धकहरूलाई रिहा गर्ने तयारी गरेको छ । उनीहरूलाई हमासद्वारा सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणमा कब्जा गरिएको थियो ।

ट्रम्पले यस अवसरमा 'मध्यपूर्वमा शान्ति पाउने वास्तविक सम्भावना छ' भनी आशावादी टिप्पणी गरेका छन् । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायली सैन्य अभियानमा कम्तीमा ६७ हजार १६० जनाको मृत्यु भएको छ । तथ्यांकले नागरिक र लडाकुबीच भिन्नता देखाउँदैन, तर मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेका छन् ।

विश्वव्यापी दबाब र प्रदर्शनहरू युद्ध अन्त्यका लागि बढिरहेका छन् । प्यालेस्टाइन समर्थकहरूले विश्वभरि सयौं हजार मानिसहरूसँग प्रदर्शन गरेका छन् । गाजाका बासिन्दाहरूको जीवन र बालबालिकाको शिक्षा युद्धले प्रभावित भएको छ ।

वार्ताको महत्त्वपूर्ण विषय प्यालेस्टिनी कैदीहरूको नाम र आदानप्रदानको प्रक्रिया हुने छ । हमासले फताह आन्दोलनसँगको उच्च-प्रोफाइल कैदी मारवान बारघौतीलाई रिहा गर्न चाहेको छ । उनी सन् २००२ देखि जेलमा छन् र २००४ मा हत्या आरोपमा आजीवन कारावासको सजाय पाएका थिए ।

हमासका शीर्ष वार्ताकार खलिल अल-हयाले समूहले 'राष्ट्रपति ट्रम्प र प्रायोजक देशहरूबाट युद्ध एक पटक र सबैका लागि समाप्त हुने ग्यारेण्टी' चाहेको बताएका छन् । वार्तामा इजरायली पक्षसँग सेना फिर्ता गर्ने प्रारम्भिक नक्सा तथा बन्धक-कैदी आदानप्रदानको संयन्त्र र समयतालिकाबारे छलफल भएको प्यालेस्टिनी स्रोतले बतायो । *रासस/एएफपी*

# पश्चिम बंगालका निकुञ्जमा बाढीपछि वन्यजन्तुहरू पलायन

**कोलकाता–** भारतमा भारी वर्षापछि पश्चिम बंगालका दुई प्रसिद्ध वन्यजन्तु निकुञ्ज डुबानमा परेपछि बाघ, चितुवा र हात्तीको झुण्ड भागेको राज्य अधिकारीहरूले बुधबार जानकारी दिएका छन् ।

अक्टोबर ३ देखि राज्यभरि बाढी र भूस्खलनमा कम्तीमा ३६ जनाको मृत्यु भएको छ । भारी वर्षाले सयौं घर ध्वस्त पारेको छ, चिया बगानहरू बगाएको छ र सडकहरू दुर्गम भएका छन् ।

बाढीले गोरुमारा र जलदापारा राष्ट्रिय निकुञ्जको ठूलो भाग डुबाएको छ । यो निकुञ्जले हिमाली फेदमा संरक्षित आरक्षहरूमा हात्ती, अर्ना, बाघ र लुप्तप्राय एक सिंगे गैंडालाई आश्रय दिएको छ ।

'दुईवटा वन्यजन्तु निकुञ्ज बाढीको पानीमा डुबेका कारण जनावरहरू बाहिर निस्कन बाध्य भएका छन्,' पश्चिम बंगालका वनमन्त्री वीरबाह हंसडाले भने । उनका अनुसार ३० हात्तीको झुण्ड भागेको थियो । पानीबाट भागिरहेको देखिएको उनले बताए ।

उनले एउटा चितुवा 'धमिलो पानी' मा देखिएको थियो, तर त्यसबेलादेखि देखिएको छैन । केही जनावरहरू भाग्न सकेनन् । 'नदीको किनारमा मरेका जनावरहरूको शव निस्कन थालेको छ,' उनले मरेका जनावरहरूमा दुई चितुवा, एउटा गैंडा र धेरै अर्ना र हरिण रहेको जानकारी दिँदै भने ।

केही उद्धारहरू सफल भए । 'नदीको किनारमा फसेको एउटा वयस्क गैंडा र दुई हात्तीको छावालाई बाहिर निकाल्न दुई बन्दी हात्तीहरू प्रयोग गरिएको थियो,' उनले भने ।

भारतको एक सिंगे एसियाली गैंडाको जनसंख्या विगत चार दशकमा संरक्षण प्रयास र अवैध सिकार विरोधी कदमका कारण लगभग तीन गुणा बढेको छ । चार दशक पहिले एक हजार ५०० रहेको जनसंख्या अहिले चार हजारभन्दा बढी छ । *रासस/एएफपी*

# टाइफुन मत्मोका कारण भियतनाममा आठ जनाको मृत्यु

**हनोई (भियतनाम)–** टाइफुन मत्मोले निम्त्याएको भारी वर्षा र बाढीका कारण भियतनाममा आठ जनाको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको भियतनाम विपद् व्यवस्थापन प्राधिकरणले बुधबार घोषणा गरेको छ ।

टाइफुनका कारण १५ हजार ७०० भन्दा बढी घर डुबानमा परेका र ४०० भन्दा बढी घरलाई क्षति पुग्नुका साथै १४ हजार ६०० हेक्टरभन्दा बढी क्षेत्रफलमा लगाइएको बाली डुबानमा परेको प्राधिकरणले जनाएको छ ।

उत्तरी पहाडी र उत्तर मध्य प्रान्तहरूका ६०२ स्थानमा टाइफुनपछिको बाढीपहिरोका कारण सडक अवरोध हुनुका साथै ९७ हजारभन्दा बढी गाईवस्तु र पशुपक्षीको मृत्यु भएको जनाइएको छ ।

भियतनामी प्रधानमन्त्री फाम मिन्ह चिनले आकस्मिक बाढीपहिरो प्रभावित क्षेत्रका बासिन्दाहरूको सुरक्षा सुनिश्चित गर्न आह्वान गर्दै तत्काल निर्देशन जारी गरेका छन् । *रासस/सिन्ह्वा*


**साउदीमा रोजगार** कम्पनी : SMART TECH HOME FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331990 | चलानी नं. ६०२४५६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,८८८ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tiles Fixer | 2 | 0 | 1200 | ४५,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ३० गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059
Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



**बटेश्वर गाउँपालिका**
**Bateshwor Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय बटेश्वर, धनुषा**
**Office Of The Rural Municipal Executive Bateshwor,Dhanusha**
**मधेश प्रदेश, नेपाल**
**Madhesh Province, Nepal**

**विद्यालयको लागि जग्गा खरिद सम्बन्धी सूचना !**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२३ गते)**

यस बटेश्वर गाउँपालिकाको वडा नं.३ मा रहेको श्री जनशक्ति माध्यामिक विद्यालयलाई भवन लगायत संरचना निर्माणका लागि करिब १२ कठ्ठा जग्गा आवश्यकता भएकाले जग्गा खरिद गर्ने प्रकृया अगाडि बढाउने भनी गाउँ कार्यपालिकाको मिति २०८२/०५/१६ मा निर्णय भएको हुँदा इच्छुक जग्गा धनीहरूले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस)** दिनभित्र तपसिलका कागजातहरू संलग्न राखी के कति दररेटमा जग्गा उपलब्ध गराउन सकिन्छ सो रेट सहितको निवेदन यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल** :

**जग्गा आवश्यक भएको क्षेत्र**:
१. श्री जनशक्ति माध्यामिक विद्यालय रहेको छेउ वा आसपासको क्षेत्र

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :-
१. प्रस्ताव सहितको निवेदन
२. जग्गा धनी पुर्जाको प्रतिलिपी
३. जग्गा देखिने फिल्ड बुक/ट्रेस नक्साको प्रतिलिपी
४. भूमि कर वा मालपोत तिरेको रसिदको प्रतिलिपी
५. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
६.जग्गाको सर्जमिन मुचुल्का

**शर्तहरू** :
१. जग्गा माथि तोकिएको क्षेत्रमा हुनुपर्नेछ ।
२. एकभन्दा बढी व्यक्तिहरूले जग्गा दिन मञ्जुर भएमा कुन जग्गा लिने/नलिने भन्ने अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २३८००० | प्रति तोला - ० | प्रति तोला - २९५५ |

## जर्मन सरकारसँग वित्तीय र प्राविधिक सहयोगसम्बन्धी हस्ताक्षर



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकार र संघीय गणतन्त्र जर्मनीबीच वित्तीय सहयोग र प्राविधिक सहयोगसम्बन्धी दुई महत्वपूर्ण सम्झौतामा हस्ताक्षर भएको छ ।

अर्थ मन्त्रालयमा भएको उक्त सम्झौतामा नेपाल सरकारको तर्फबाट मन्त्रालयका सहसचिव धनिराम शर्मा र जर्मन सरकारको तर्फबाट काठमाडौंस्थित नेपालका लागि सङ्घीय गणतन्त्र जर्मनीका राजदूत उडो भोल्जले हस्ताक्षर गरे । यी सम्झौताले नेपालको ऊर्जा, स्वास्थ्य, कृषि, शासन तथा समावेशी विकासका प्राथमिकतालाई सहायता गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ ।

वित्तीय सहयोग सम्झौताअन्तर्गत जर्मन सरकारले 'पावर डिस्ट्रीब्युसन स्ट्रेन्थेनिङ कार्यक्रम'मा सहयोगस्वरूप २० मिलियन युरो सम्मको प्रतिबद्धता जनाएको छ । यस परियोजना नेपालको विद्युतीय विवरण प्रणालीको स्तरोन्नति र सुदृढीकरणमा केन्द्रित हुने जनाइएको छ ।

यो परियोजना नेपाल विद्युत् प्राधिकरणमार्फत कार्यान्वयन गरिने र त्यसका लागि नेपाल विद्युत् प्राधिकरण र जर्मन विकास बैंकबीच कार्यान्वयन सम्झौता पनि हुने उल्लेख छ । सम्झौताको कार्यान्वयन पाँच वर्ष भित्र अर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुनुपर्ने उल्लेख गरिएको छ ।

प्राविधिक सहयोग सम्झौता सन् १९७४ मा हस्ताक्षर गरिएको दीर्घकालीन ढाँचागत सम्झौता र सन् २००९ मा संशोधित सम्झौतामा आधारित रहेको जनाइएको छ । यसअन्तर्गत २१ मिलियन युरोसम्मको अनुमानित प्रतिबद्धतासहित जर्मनीले विभिन्न क्षेत्रमा सहयोग पु-याउने बताइएको छ ।

उक्त परियोजना स्वास्थ्य क्षेत्रमा, राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिका लागि निरन्तर समर्थन प्रदान गर्दै स्वास्थ्य प्रणालीमा गुणस्तरीय पूर्वाधारलाई थप स्तरीय बनाउन सहयोग गर्नेछ ।

त्यसैगरी कृषि तथा निजी क्षेत्रको विकास, समावेशी र जलवायु-प्रतिकारशील आर्थिक विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रममासमेत सहयोग पुऱ्याउने परियोजनाको लक्ष्य छ । परियोजनाले थप अध्ययन तथा विज्ञ कोषमार्फत सल्लाहकार तथा प्राविधिक सहायता प्रदान गर्नेछ । यस प्राविधिक सहायता सम्झौताको कार्यान्वयन समेत पाँच वर्ष भित्रअर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुने सम्झौतामा उल्लेख छ ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव शर्माले जर्मनीको निरन्तर सहयोगप्रति आभार व्यक्त गरे । नेपालका लागि जर्मन संघीय गणतन्त्रका राजदूत भोल्जले यो नयाँ प्रतिबद्धताले ऊर्जा, दिगो आर्थिक विकास र स्वास्थ्य क्षेत्रमा नेपाल र नेपाली जनतासँगको सहकार्यलाई अझ प्रगाढ बनाएको उल्लेख गरे ।

## भोटेकोशी जलविद्युत्‌लाई तत्काल सञ्चालनमा ल्याउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहमन्त्री ओमप्रकाश अर्यालले जेन्जी युवाहरूको नाममा निशुल्क सेयर माग्दै बन्द गराइएको माथिल्लो भोटेकोशी जलविद्युत आयोजनालाई तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिएका छन् ।

बुधवार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीको नेतृत्वमा पीडित जलविद्युत आयोजनाहरूका प्रतिनिधिसहितको टोलीले गृहमन्त्रीलाई घटनावारे जानकारी गराएका थिए ।

अध्यक्ष गणेश कार्कीले जेन्जी युवाहरूको नाममा जलविद्युत बयोजना बन्द गराउनु अराजकता भएको भन्दै यथाशिघ्र आयोजना सञ्चालन हुने वातावरण बनाउन गृहमन्त्री अर्यालसँग माग गरेका थिए ।

इप्पानका कुरा सुने लगत्तै गृहमन्त्री अर्यालले सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालाई टेलीफोन गरी भोटेकोशी जलविद्युत आयोजना तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिएका हुन् ।

'जेन-जी युवाहरूले माग राख्न पाउँछन् । जायज मागहरू भए वार्ता र छलफलबाट पुरा गर्न सकिन्छ । आयोजनाको उत्पादन नै बन्द गराउन त भएन ।' गृहमन्त्री अर्यालले बास्तोलालाई भने, 'तपाईंले आयोजना सञ्चालनमा ल्याउन सक्नुहुन्न भने गृहले के सहयोग गर्नुपर्छ रिपोर्टिङ गर्नुस, तर विद्युत उत्पादन रोकिनु भएन ।' गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि सिन्धुपाल्चोकमा सञ्चालित ४५ मेगावाटको माथिल्लो भोटेकोशी जलविद्युत आयोजनामा जेन्जी युवाहरूलाई १० प्रतिशत निःशुल्क सेयर दिनुपर्ने माग राखी भदौ २५ गतेदेखि आयोजनाको विद्युत उत्पादन बन्द गराएका छन् ।



पूर्णक्षमतामा विद्युत उत्पादन हुने वर्षायाममा आयोजनाले दैनिक ९८ लाख रूपैयाँ बराबरको विद्युत उत्पादन गर्दै आएको थियो । पछिल्लो २८ दिनदेखि आयोजना बन्द हुँदा करिब २७ करोड रूपैयाँभन्दा बढी आम्दानी गुमाउनु परेको आयोजना प्रवर्द्धक भोटेकोशी पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत विक्रम स्थापितले जानकारी दिए ।

जेन-जी युवाहरूले १० प्रतिशत निशुल्क सेयर नदिएसम्म भोटेकोशीबाट विद्युत उत्पादन गर्न नदिने धम्कीसहितको पत्र कम्पनीलाई पठाएका थिए । जेन-जीको नाममा २८ दिनसम्म आयोजना बन्द हुँदा पनि आयोजना सञ्चालनमा ल्याउन नसक्दा यहि मौकामा स्थानीयहरूले सिन्धुपाल्चोकका अन्य जलविद्युत आयोजनामा पनि १० प्रतिशत निःशुल्क सेयर दिनुपर्ने माग राखी पत्र पठाएका छन् ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले जलविद्युत आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भएकाले राज्यले जस्तोसुकै परिस्थितीमा पनि सुरक्षा दिनुपर्ने बताए । निजी क्षेत्रले १५ खर्ब रूपैयाँभन्दा बढी लगानी गरेर ३ हजार मेगावाट विद्युत उत्पादन गरिरहेको भन्दै राज्यले सुरक्षाको प्रत्याभूती गर्न नसके निजी क्षेत्रले काम गर्न नसक्ने डाँगीको भनाई थियो ।

माथिल्लो बलेफीका सञ्चालक मोहन विक्रम कार्कीले जलविद्युत उत्पादकको मनोबल गिराउने काम भएकोले यस्तो वातावरणमा कुनै पनि प्रवर्द्धकहरूले थप लगानी गर्न नसक्ने बताए ।

जेन-जी युवाहरूले सञ्चालनमा आइसकेको २२.२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत आयोजनाले १० प्रतिशत फ्रि सेयर नदिए यहि असोज ३० गतेदेखि आयोजनाको विद्युत उत्पादन बन्द गराउने पनि धम्कि दिएका छन् । अहिले सिन्धुपाल्चोकमा सञ्चालनमा आइसकेका ३६ मेगावाटको माथिल्लो बलेफी ए, ७.२ मेगावाटको याम्बालिङ खोला, ९९० किलोवाटका सोलाङ खोला र घट्टेखोला जलविद्युत आयोजनामा पनि १० प्रतिशत निशुल्क सेयर माग गरिएको छ ।

त्यस्तै अन्य निर्माणाधीन जलविद्युत आयोजनाहरूमा २२.१४ मेगावाटको बलेफी ए, १.५ मेगावाटको तल्लो सेलाङ, ४६ मेगावाटको माथिल्लो बलेफी, ३५ मेगावाटको न्यासिम खोला, ६५ मेगावाटको दुधखोला लगायतका आयोजनामा पनि १० प्रतिशत फ्रि सेयर माग्दै जेन्जी र स्थानीय युवाहरूको नामबाट पत्र काटिएको छ ।

## नेप्से परिसूचकमा भारी गिरावट

**काठमाडौं (प्रस)–** बुधबार सेयर बजारका सबै सूचक घटेका छन् । नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा ४५.३६ अंक घट्यो । सो अंकको कमीपछि नेप्से २५५९ अंकमा कायम भएको छ ।

प्रिओपनमा पाँच अंक बजार बढे पनि नियमित कारोबार सुरु भएपछि बजार लगातार घटिरह्यो । दिउँसो १:४१ बजे नेप्से २५३५ अंकसम्म झरे पनि त्यसपछि सामान्य सम्हालियो । १८ कम्पनीको मूल्य बढ्यो भने २३२ को घट्दा एउटाको स्थिर रह्यो ।

फाइनान्स र होटल समूह सबैभन्दा धेरै ३/३ प्रतिशत घटे । बैंकिङ १.४८, विकास बैंक २.२८, हाइड्रोपावर २.३४, लगानी २.०२, जीवन बीमा १.६४, उत्पादन तथा प्रशोधन १.०६, माइक्रोफाइनान्स १.८९, निर्जीवन बीमा २.०६, अन्य १.२४ र व्यापार समूह ०.४३ प्रतिशत घटे ।

बजार घट्दा पनि कारोबार रकम बढेको छ । अघिल्लो दिन ४ अर्ब ६२ करोडको कारोबार भएकोमा ५ अर्ब ७६ करोडको भयो । आत्मनिर्भर लघुवित्तको ६ तथा थ्रीस्टार हाइड्रोपावरको मूल्य ४.७ प्रतिशत बढ्यो । आज मूल्य धेरै बढ्नेमा ऋणपत्र अगाडि रहे ।

प्रभु इन्स्योरेन्सको मूल्य सबैभन्दा धेरै ६.१२ प्रतिशत घट्यो । त्यस्तै मञ्जुश्री फाइनान्सको ५.९६, फर्स्ट माइक्रोफाइनान्सको ५.५३ तथा सयपत्री हाइड्रोपावरको ५.४७ प्रतिशत घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बीमा, युनियन हाइड्रोपावर, सिन्र्जी पावर डेभलपमेन्ट, एनआरएन इन्फ्रास्ट्रक्चर र हिमालयन रिइन्स्योरेन्स क्रमशः अगाडि रहे ।

## व्यावसायिक मौरीपालनमा आकर्षण



**भोजपुर–** यहाँका किसान पछिल्लो समय व्यावसायिक मौरीपालनतर्फ आकर्षित भइरहेका छन् । एकपटक लगानी गरेर सामान्य हेरचाह मात्र गरे पुग्ने, लागत कम लाग्ने र बजारमा सजिलै माग हुने भएकाले मौरीपालन किसानको रोजाइको पेसा बन्दै गएको हो ।

परम्परागत खेतीसँगै नयाँ सम्भावना खोजिरहेका किसानले अहिले मौरीपालनलाई आयआर्जनको प्रमुख साधन बनाउन थालेका छन् । टेम्केमैयुङ, पौवादुङमा, रामप्रप्रसादराई गाउँपालिकासँगै प्रायः यहाँ सबै स्थानीयतहका किसानहरूले मौरीपालन गर्दै आएका छन् ।

रामप्रसादराई गाउँपालिका-६ वैकुण्ठेमा मौरीपालनको विशेष सम्भावना देखिन्छ । यहाँका अधिकांश किसान अहिले व्यावसायिक मौरीपालनमा संलग्न छन् । नजिकै प्रशस्त वन्जङ्गल, फूल फुल्ने वातावरण र मौरीको लागि उपयुक्त मौसम भएकाले बाक्चाखा, भामला, छापगाउँलगायत स्थानीय व्यवसायिक मौरीपालनमा लागेका छन् ।

स्थानीय सरकारको पहलले मौरीपालन अझै सहज बनेको छ । रामप्रसादराई गाउँपालिका-६ का अध्यक्ष एकराज आचार्यका अनुसार किसानलाई आधुनिक मौरीपालनमा प्रोत्साहित गर्न दुई चरणमा तालिम दिइएको छ । तालिममा सहभागीले आधुनिक मौरीघार बनाउने, मौरीको हेरचाह गर्ने, रोग व्यवस्थापन र मह संकलन गर्ने प्रविधि सिकेका छन् ।

'विगतमा किसानले आ-आफ्नै तरिकाले मुढेघारमा मौरी पाल्दै आएका थिए', वडाध्यक्ष आचार्यले भने, 'अहिले हामीले उनीहरूलाई प्रविधिमैत्री मौरीपालनमा लैजाँदै छौं । यसले किसानको आम्दानी बढाउन मद्दत गर्नेछ ।'

स्थानीय किसान शरणकुमार वोहोरा व्यावसायिक मौरीपालनमा जुट्नु भएका उदाहरणीय पात्र हुन् । उनले तालिम लिएपछि आधुनिक घार निर्माण सुरु गरेका छन् । अहिले उनीसँग ३५ वटा मौरीघार छन् । 'पहिले मुढेघारमै मौरी पाल्थ्यौं, उत्पादन पनि कम हुन्थ्यो, अहिले आधुनिक घारमा मौरी राख्दा उत्पादन बढी छ । मौरीले मेरो आयआर्जनमा परिवर्तन ल्याएको छ', उनले भने ।

गाउँपालिका अध्यक्ष थामबहादुर राईका अनुसार मौरीपालनलाई प्रोत्साहित गर्न नीति तथा कार्यक्रममा प्राथमिकतासहित समावेश गरिएको छ । 'मौरीपालनसहित कृषि व्यवसायलाई आत्मनिर्भर र व्यावसायिक बनाउन योजनाबद्ध रूपमा काम भइरहेको छ ।' अध्यक्ष राइले भने, 'किसानलाई आवश्यक प्राविधिक ज्ञान र उपकरण उपलब्ध गराइएका छौं । यसले गाउँमा रोजगारी सिर्जना गर्नुका साथै गाउँको अर्थतन्त्रलाई सबल बनाउनेछ ।'

वैदेशिक रोजगारीमा जाने विकल्पभन्दा गाउँमै बस्ने वातावरण मौरीपालनले बनाएको किसानहरू बताउँछन् । बजार विस्तार, गुणस्तरीय प्याकेजिङ र ब्राण्डिङ गर्न सके भोजपुरमा उत्पादित मह देशभरि मात्र नभई विदेशमा पनि पुऱ्याउन सकिने सम्भावना रहेको मौरीपालक किसानको भनाइ छ । *रासस*


प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगलागीजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधी आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ